सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ माघ २०८०, सोमबार (22 Jan 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एनसेल प्रकरणमा संसदीय समितिहरूको होडबाजीले कार्यक्षेत्र विवाद

चारवटै समिति सभापतिको बैठकबाट समाधान खोजिने

■ जसलिने होडबाजीसँगै आरोप-प्रत्यारोप

३ पुसमा राज्य व्यवस्था समितिले प्रधानमन्त्रीलाई बोलाएर छलफल गरेपछि भोलिपल्ट ४ पुसमा लेखा समिति सभापति ऋषिकेश पोखरेलले तिखो प्रतिक्रियासहित असन्तुष्टि जनाए।



ऋषिकेश पोखरेल

'सरकारी सन्डमुसन्डहरू सत्ता, पहुँच र साधनको प्रयोग गरी लेखा समितिले गरेको एनसेल भ्रष्टाचार काण्डसम्बन्धी निर्णय र सरकारलाई दिएको दबाबलाई कमजोर बनाउन र भ्रष्टाचारलाई छोप्न, आफ्नो कार्य क्षेत्रभन्दा बाहिर विभिन्न संसदीय समितिमार्फत विषय बंग्याउने र जनतालाई भ्रम छर्ने कामको खेद व्यक्त गर्दछु,' उनको प्रतिक्रिया थियो।

सभापति पोखरेलको प्रतिक्रियाप्रति ४ पुसमै राज्य व्यवस्था समितिमै सभापति रामहरि खतिवडा र सदस्यहरूले असन्तुष्टि जनाए। गगन थापाको प्रतिवाद थियो, 'लेखाको सभापतिले सरकारी सन्डमुसन्ड भन्दै हाम्रो समितिको सभापतिलाई भ्रष्टाचार छोप्नका निम्ति सरकारले अह्राएर यो बैठक राखेको र निर्णय पनि त्यहीअनुसारले गरेको भनेर उठाउनुभएको छ। एउटा सभापतिले सार्वजनिक रूपमा अर्को समितिका बारेमा यो स्तरमा उत्रिनु उचित होइन। यो संसद्को गरिमा र मर्यादासँग जोडिने कुरा हो। यसलाई हल्का रूपमा लिनुहुँदैन। सभामुखसँग गम्भीर रूपमा विषय राख्नुपर्छ।'



गगन थापा

यो विवाद यतिमै रोकिएन। १२ पुसमा लेखा समिति बैठकमा सदस्य प्रदीप यादवले आफूहरूले उठाएको विषयमा कार्यक्षेत्र मिचेर अन्य समितिको हस्तक्षेप स्वीकार्य नभएको चेतावनी दिए। 'कहिले सुशासनको नाममा त कहिले के नाममा कार्यक्षेत्र मिच्ने काम भइरहेको छ। कुनै विषय हामीले सुरु गर्ने, अर्कोले हस्तक्षेप गर्ने कुरा स्वीकार्य छैन,' उनले भने, 'लेखा समितिको आफ्नो सशक्त उपस्थिति हुनुपर्छ। हाम्रो समिति पंगु बनाउने कोसिस पूरा हुन दिनुहुँदैन।'



प्रदीप यादव

नियमावलीअनुसार प्रत्यक्ष कार्यक्षेत्र पर्ने शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले १३ पुसमा मात्रै छलफल चलायो। सञ्चारमन्त्री र नियामक निकायका पदाधिकारी बोलाएर छलफल चलाउँदा सबै सदस्यबाट कार्यक्षेत्र मिचिएको भनेर आक्रोश पोखियो। देवेन्द्र पौडेलले चर्चा कमाउन समितिहरूले मनलाग्दी गरेको र सभामुखको नेतृत्वदायी भूमिका नदेखिएको बताए। 'जहाँ पायो त्यहीं किन छलफल भएको छ ? चर्चा कमाउनलाई जे मन लाग्यो त्यही, जसलाई मन लाग्यो त्यसलाई बोलाउन पाइन्छ ?' उनले सोधे, 'सबैको आफ्नो ठाउँ छ, अरू ठाउँ छलफल गरेर यहाँ ल्याउने कुरा ठीक भएन।'



देवेन्द्र पौडेल

अर्का सदस्य चन्द्र भण्डारीले अधिकारविहीन समितिहरूको चहलपहलमा खोट रहेको बताए। 'अधिकार क्षेत्र पर्दैन, तर यति धेरै समितिहरू एनसेलमा झुन्डिएका छन्। पहिले एनसेलले समितिहरूलाई पैसा बाँडेर निर्णय आफ्नो पक्षमा पारेको थियो। पैसा नखाने त कुनै समिति नै भएन। मौन बस्दा पनि यिनीहरूले पैसा बाँडेका छन्,' उनले भने।



चन्द्र भण्डारी

सभापतिहरूसँग सभामुखको छलफल

विधेयकहरू चाँडो टुंग्याउन निर्देशन, समितिहरूबीच समन्वयमा जोड

कमलराज भट्ट/नयाँ पत्रिका

एनसेल प्रकरणमा सक्रियता देखाउने होडबाजीले एक वर्ष नबित्दै संसदीय समितिहरूबीच कार्यक्षेत्रको विवाद देखिएको छ। समिति सभापति र सदस्यहरू नै आरोप-प्रत्यारोपमा उत्रिन थालेपछि यसमा चासो राखेका चारवटै समिति सभापतिको संयुक्त बैठक गरेर विवाद निरुपणको प्रयास गरिने भएको छ। सभामुख देवराज घिमिरे र संसदीय समितिका सभापतिहरूबीच आइतबार भएको छलफलमा राष्ट्रिय सभा निर्वाचनपछि बैठक बस्ने सहमति भएको छ।

एनसेल प्रकरणमा संसदीय समितिहरूबीच सक्रियता देखाउने होडबाजी नै चल्यो। कार्यक्षेत्र हस्तक्षेप

» पृष्ठ २ मा क्रमशः

समझदारीपूर्ण ढंगबाट टुंग्याउनूस्



● **देवराज घिमिरे**, सभामुख

फरक-फरक समितिले एउटै क्षेत्र हो भनेर भइरहेका विषयहरूलाई पनि बसेर समझदारीपूर्ण ढंगबाट लानुस्। आफ्नो पाटोलाई हेर्नुस्। भएन भने बसेर यसले हेर्ने भनेर अहिलेसम्म गरेका प्रगतिहरूमा आधारित भएर एउटाले हेर्ने गरी मिलाउने कामहरू गर्नुस्। समय, आर्थिक खर्च र फरक सोचहरू नआओस्।

समिति सभापति र सभामुख जिम्मेवार बन्नुपर्छ

● **सूर्यकिरण गुरुङ**, पूर्वमहासचिव, संसद् सचिवालय



एनसेलमा चारवटा समितिले भिन्नाभिन्नै निर्देशन दिएपछि सरकारलाई सजिलो हुने भयो। उहाँहरूले बनाएको नियमावली हो। त्यसलाई मानेर जानुपर्छ। नियममा प्रस्ट व्यवस्था छ। सभामुखले कडाइका साथ निर्देशन दिनुपर्छ। समिति सभापति र सभामुख जिम्मेवार बन्नुपर्छ।

■ नक्कली सवारी लाइसेन्स प्रकरण

१० महानिर्देशकको पालामा ६६ हजार ६६ लाइसेन्स जारी

सुवास भट्ट/नयाँ पत्रिका

०७२ भदौयता गत भदौसम्म यातायात व्यवस्था विभागका १० महानिर्देशकको पालामा लिखित परीक्षा र ट्रायलविना नै ६६ हजार ६६ थान नक्कली लाइसेन्स जारी भएको भेटिएको छ। नक्कली लाइसेन्सका सम्बन्धमा अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभागबाट कागजात लगेर अनुसन्धान गरिरहेको छ।

नयाँ पत्रिकालाई प्राप्त विवरणअनुसार सबैभन्दा धेरै नक्कली लाइसेन्स रूपनारायण भट्टराईको पालामा जारी भएको देखिएको छ। २१ फागुन ०७३ देखि ११ जेठ ०७५ सम्म विभागमा महानिर्देशक रहेका भट्टराईको पालामा ३१ हजार ६ सय ६२ नक्कली लाइसेन्स जारी भएको देखिएको छ। त्यस्तै, २ भदौ ०७६ देखि २० फागुन ०७७ सम्म महानिर्देशक रहेका गोगनबहादुर हमालको पालामा १० हजार पाँच सय ३५ लाइसेन्स जारी भएको भेटिएको छ।

नमराज घिमिरे २ चैत ०७७ देखि १९ असार ०७९ सम्म विभागमा महानिर्देशक छँदा आठ हजार दुई सय फर्जी लाइसेन्स जारी भएका थिए। त्यस्तै, १४ साउन ०७५ देखि २१ फागुन ०७५ सम्मका महानिर्देशक लावण्यकुमार ढकालको कार्यकालमा सात हजार तीन सय ९४ नक्कली लाइसेन्स जारी भएको देखिन्छ। २७ फागुन ०७५ देखि २६ साउन ०७६ सम्म विभागको नेतृत्व सम्हालेका कुमारप्रसाद दाहालको नेतृत्वकालमा तीन हजार पाँच सय ४९ नक्कली लाइसेन्स जारी भएका छन्।

महानिर्देशक चन्द्रमान श्रेष्ठको कार्यकाल ७ भदौ ०७२ देखि २० फागुन ०७३ सम्म एक हजार चार सय ५९ तथा २५ माघ ०७९ देखि १४ फागुन ०७९ सम्म तुलसीनाथ गौतमको कार्यकालमा एक हजार एक सय ३६ नक्कली लाइसेन्स जारी भएको छ। त्यस्तै, डा. टोकराज पाण्डेको पालामा एक हजार ८४ नक्कली लाइसेन्स जारी भएको देखिन्छ। उनी २० भदौ ०७९ देखि २४ माघ ०७९ सम्म विभागमा महानिर्देशक

» पृष्ठ २ मा क्रमशः

■ कुन महानिर्देशकको पालामा कति लाइसेन्स ?

चन्द्रमान श्रेष्ठ
कार्यकाल : ७ भदौ ०७२ देखि २० फागुन ०७३
नक्कली लाइसेन्स
१,४५९





रूपनारायण भट्टराई
कार्यकाल : २१ फागुन ०७३ देखि ११ जेठ ०७५
नक्कली लाइसेन्स
३१,६६२

लावण्य ढकाल
कार्यकाल : १४ साउन ०७५ देखि २१ फागुन ०७५
नक्कली लाइसेन्स
७,३९४





कुमारप्रसाद दाहाल
कार्यकाल : २७ फागुन ०७५ देखि २६ साउन ०७६
नक्कली लाइसेन्स
३,५४९

गोगनबहादुर हमाल
कार्यकाल : २ भदौ ०७६ देखि २० फागुन ०७७
नक्कली लाइसेन्स
१०,५३५





नमराज घिमिरे
कार्यकाल : २ चैत ०७७ देखि १९ असार ०७९
नक्कली लाइसेन्स
८,२००

सुरेश राउत
कार्यकाल : २० असार ०७९ देखि १९ भदौ ०७९
नक्कली लाइसेन्स
३५०





डा. टोकराज पाण्डे
कार्यकाल : २० भदौ ०७९ देखि २४ माघ ०७९
नक्कली लाइसेन्स
१,०८४

तुलसीनाथ गौतम
कार्यकाल : २५ माघ ०७९ देखि १४ फागुन ०७९
नक्कली लाइसेन्स
१,१३६





नारायणप्रसाद भट्टराई
कार्यकाल : २६ फागुन ०७९ देखि १० साउन ०८०
नक्कली लाइसेन्स
६९७

महानिर्देशक नभएका र निमित्तले जिम्मेवारी लिएसमेतको अवधिमा सात हजार ५१८ वटा लाइसेन्स जारी भएका छन्

नक्कली लाइसेन्स काण्डमा दोषी ठहरिए कसैले पनि उन्मुक्ति पाउँदैन

● **प्रकाश ज्वाला**, मन्त्री, यातायात मन्त्रालय

भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले नक्कली लाइसेन्स प्रकरणमा दोषी ठहरिए कसैले पनि उन्मुक्ति नपाउने बताएका छन्। आइतबार यातायात क्षेत्रका समसामयिक विषय तथा संघीय तथा प्रदेश सरकारबाट सञ्चालित योजनाका सम्बन्धमा मन्त्रालयमा आयोजित प्रदेश सरकारका भौतिक मन्त्रीहरूसँगको समन्वय बैठकमा बोल्दै उनले बदमासी गर्नेलाई कानुनी दायरामा ल्याउने बताएका हुन्। 'बदमासी गर्नेहरूलाई कानुनी दायरामा ल्याउँछौं,' उनले भने। नयाँ पत्रिकासँगको कुराकानीमा मन्त्री ज्वालाले विभाग र मन्त्रालयले छानबिन प्रतिवेदन प्रधानमन्त्री कार्यालय, अख्तियार एवं सिआइबीमा पठाइएको साथै ती निकायबाट छानबिन चलिरहेको बताए। लाइसेन्स प्रणालीलाई व्यवस्थित गर्ने काम मन्त्रालयले अघि बढाएको पनि उनले बताए।



वीरगन्ज कार्यालयबाट मात्रै ३,६०८ नक्कली लाइसेन्स जारी

विभागका अनुसार देशैभरका यातायात कार्यालयबाट फर्जी लाइसेन्स उत्पादन र वितरण हुने गरेको देखिएको छ। सातै प्रदेशमा गरी ३५ यातायात कार्यालय छन्। लाइसेन्स प्रक्रियालगायतका यातायातसम्बन्धी काम ०७५ देखि नै प्रदेशबाट हुन थालेको हो। कुन कार्यालयबाट कति लाइसेन्स जारी भए भन्ने अझै पनि यकिन भइसकेको छैन। तर, यातायात व्यवस्था कार्यालय, वीरगन्जबाट भने तीन हजार ६ सय आठ लाइसेन्स जारी भएको देखिएको छ।

पूर्वसांसद इच्छाराज तामाङ सम्पत्ति शुद्धीकरणमा दोषी ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

सवा तीन अर्ब रुपैयाँभन्दा धेरै सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा पूर्वसांसद एवं सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका सञ्चालक इच्छाराज तामाङ दोषी ठहर भएका छन्। न्यायाधीशहरूको नयाँ टिम आएसँगै पुराना मुद्दाहरूको फटाफट फैसला गर्दै आएको विशेष अदालतले तामाङविरुद्ध लागेको सम्पत्ति शुद्धीकरणको मुद्दामा पनि कसुर ठहरको फैसला गरेको हो।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले आइतबार फैसला दिएकोमा सजाय भने २१ माघमा निर्धारण हुने विशेषका प्रवक्ता एवं उपरजिस्ट्रार धनबहादुर कार्कीले बताए। तामाङसँगै उनकी श्रीमती सिर्जना शाक्य तामाङ र केशवलाल श्रेष्ठ पनि दोषी ठहर भएका छन्। केशवलालकी श्रीमती मीनाकुमारी श्रेष्ठका विषयमा भने सजाय निर्धारणकै दिन निर्णय लिने विशेषले जनाएको छ। प्रवक्ता कार्कीका अनुसार इच्छाराजका दुई छोरीहरू प्रतीक्षा र प्रतिष्ठाले भने सफाइ पाएका छन्।

यो मुद्दा २ माघदेखि हेर्दाहेर्दैमा राखेर सुनुवाइ हुँदै आएकोमा चौथो सुनुवाइपछि

» पृष्ठ २ मा क्रमशः



श्रीमती पनि दोषी ठहर, दुई छोरीले पाए सफाइ

इच्छाराज तामाङसँगै उनकी श्रीमती सिर्जना शाक्य तामाङ र केशवलाल श्रेष्ठ पनि दोषी ठहर भएका छन्। केशवलालकी श्रीमती मीनाकुमारी श्रेष्ठका विषयमा भने सजाय निर्धारणकै दिन निर्णय लिने विशेषले जनाएको छ। प्रवक्ता धनबहादुर कार्कीका अनुसार इच्छाराजका दुई छोरीहरू प्रतीक्षा र प्रतिष्ठाले भने सफाइ पाएका छन्।

इच्छाराज अध्यक्ष रहेको सिभिल सहकारीको ठगी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन

इच्छाराज तामाङले आफैं अध्यक्ष रहेको सिभिल सहकारीबाट नियम मिचेर ऋण लिई नतिर्दा निक्षेपकर्ताको अर्बौं रुपैयाँ डुबेको छ। जसमा प्रहरीले अनुसन्धान गरी दायर गरेको सहकारी ठगी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ। उनीसमेतको समूहले पाँच अर्ब ६७ करोड ५५ लाख रुपैयाँभन्दा बढी ठगी गरेको अभियोगपत्रमा उल्लेख छ। मुद्दाको छिटो सुनुवाइ नहुँदा सहकारीपीडितहरू थप समस्यामा परेका छन्।

एसइई १५ चैतदेखि

कक्षा ११ र १२ को ग्रेडवृद्धि फाराम पनि खुला

काठमाडौं/ राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) १५ चैतदेखि सञ्चालन गर्ने भएको छ। बोर्डको आइतबार बसेको बैठकले १५ देखि २७ चैतसम्म परीक्षा लिने निर्णय गरेको हो। बोर्डका अध्यक्ष महाश्रम शर्माले होली पर्वका कारण केही दिन धेकेलिए पनि नियमित क्यालेन्डरअनुसार नै परीक्षा सञ्चालन गर्ने निर्णय भएको बताए। बोर्डले तयार पारेको वार्षिक कार्यतालिकाबमोजिम चैतको पहिलो सातादेखि परीक्षा सञ्चालन हुनुपर्ने थियो।

त्यस्तै, बोर्डले कक्षा ११ र १२ का लागि ग्रेडवृद्धि फाराम भर्न र भराउन विद्यार्थी र विद्यालयहरूलाई निर्देशन दिएको छ। परीक्षामा सहभागी हुने विद्यार्थीले १५ फागुनसम्म विलम्ब शुल्कसहित बोर्डले तोकेको ढाँचामा फारम भर्नुपर्नेछ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विश्वकै धनी एलन मस्कले गरे नेपालको इन्टरनेट क्षेत्रमा लगानीको प्रस्ताव

● **नेत्र सुवेदी**, प्रवक्ता, सञ्चार मन्त्रालय



नेपालमा स्पेसएक्सले स्टारलिंक इन्टरनेट सेवा विस्तार गर्ने प्रस्ताव गरेको छ। तर, उसलाई अनुमति दिने/नदिने विषयमा निर्णय भइसकेको छैन। आवश्यक अध्ययन गरेर यसबारे उचित निर्णय गर्नेछौं।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

टेस्ला, स्पेसएक्सजस्ता कम्पनीका मालिक विश्वकै धनी एलन मस्कले नेपालको इन्टरनेट क्षेत्रमा लगानीको प्रस्ताव गरेका छन्। उनको स्पेसएक्स कम्पनीले नेपालमा डेडिकेटेड स्याटेलाइट इन्टरनेट सेवा सञ्चालन गर्ने प्रस्ताव गरेको हो।

स्पेसएक्सले विभिन्न देशमा डेडिकेटेड स्याटेलाइट इन्टरनेट सेवा (स्टारलिंक) विस्तार गरिसकेको छ। नेपाल दूरसञ्चार प्राधिकरणमा पनि केही महिनाअघि स्टारलिंक सेवा सुरु गर्ने सहमति (लाइसेन्स) माग्दै आवेदन दिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता नेत्र सुवेदीले पनि एलन मस्कको कम्पनीबाट स्टारलिंक सेवा सञ्चालन गर्ने प्रस्ताव आएको पुष्टि गरे। 'नेपालमा स्पेसएक्सले स्टारलिंक

» पृष्ठ २ मा क्रमशः



अडानी विमानस्थल र जलविद्युत्मा लगानी गर्न इच्छुक

विश्वकै १४औं धनी भारतीय उद्योगी गौतम अडानी पनि नेपालको हवाई उड्डयन तथा जलविद्युत्को क्षेत्रमा लगानी गर्न इच्छुक देखिएका छन्। अर्थमन्त्री डा. प्रकाशशरण महतको हालै सम्पन्न भारत भ्रमणमा भएको भेटवार्तामा अडानीले निजगढ विमानस्थल र मुगु-कर्णाली जलविद्युत् आयोजनामा लगानीको प्रस्ताव गरेका थिए। राष्ट्रिय गौरवको आयोजना निजगढ विमानस्थलको लागत एक खर्ब ६५ अर्ब अनुमान गरिएको छ। अडानी उक्त आयोजना बनाएर सञ्चालन गर्न इच्छुक देखिएको अर्थमन्त्रीको सचिवालयका एक अधिकारीले बताए। साथै, गौतम बुद्ध विमानस्थल सञ्चालन गर्न पनि अडानी इच्छुक देखिएको उनले बताए। त्यस्तै, १९०२ मेगावाटको मुगु-कर्णाली जलविद्युत् आयोजना बनाउन पनि अडानी इच्छुक देखिएका छन्। सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले यो आयोजना अघि बढाएको छ। यसको लागत तीन खर्ब रुपैयाँभन्दा बढी हुने अनुमान छ। आगामी १६ र १७ वैशाखमा हुने लगानी सम्मेलनमा अडानीले आफू उपस्थित हुने प्रतिबद्धता पनि अर्थमन्त्रीसँग गरेका छन्। सोही सम्मेलनमा घोषणा तथा विकास निर्माण सम्झौता गर्ने गरी ठूला आयोजना दिन अडानीले प्रस्ताव गरेको अर्थमन्त्रीको सचिवालयले जनाएको छ।



■ विवाहेतर प्रेम सम्बन्धले जन्माएको अपराध

विश्वासमा 'लिभिङ टुगेदर', विवादमा हत्या

टेकराज थामी/नयाँ पत्रिका

उपत्यकामा भएको एक गम्भीर अपराध तीन महिनापछि सार्वजनिक भएको छ। विश्वासमा 'लिभिङ टुगेदर'मा रहेका एक प्रेमीले प्रेमिकाको हत्या गरेका छन्। प्रहरीले आरोपीलाई तीन महिनापछि पक्राउ गरेको छ।

तनहुँ भीमदत्त नगरपालिका- १ की ५१ वर्षीया सफिना मियाँको हत्या 'लिभिङ टुगेदर'मा बस्दै आएका प्रेमीले गरेको खुलेको छ। हत्यामा संलग्न अभियुक्त भारत बिहार दरभंगा लालबागका ४७ वर्षीय इकरामुल हक अन्सारी रहेका छन्। प्रहरीका अनुसार उनीहरू दुवैजना विवाहित हुन्। तर, प्रहरीका अनुसार उनीहरूको पारिवारिक सम्बन्ध राम्रो थिएन।

अन्सारी वर्ष दिनदेखि सफिनासँग 'लिभिङ टुगेदर'मा बस्दै आएका थिए। गार्मेन्टमा काम गर्दै आएका अन्सारीले बस्नका लागि काठमाडौं महानगरपालिका- १५ स्वयम्भू शोभाभगवतीस्थित सरिता गिरीको घरमा

» पृष्ठ २ मा क्रमशः



इकरामुल हक अन्सारी

तनहुँ भीमदत्त नगरपालिका- १ की ५१ वर्षीया सफिना मियाँसँग काठमाडौंमा 'लिभिङ टुगेदर'मा बस्दै आएका भारतको बिहार दरभंगा लालबागका ४७ वर्षीय इकरामुल हक अन्सारीले प्रेमिकाको हत्या गरेको तीन महिनापछि सार्वजनिक

विश्वकै धनी...

पृष्ठ १ बाट क्रमशः

इन्टरनेट सेवा विस्तार गर्ने प्रस्ताव गरेको छ। तर, उसलाई अनुमति दिने/नदिने विषयमा निर्णय भइसकेको छैन,' उनले भने, 'आवश्यक अध्ययन गरेर यसबारे उचित निर्णय गर्नेछौं।' दूरसञ्चार प्राधिकरणका एक उच्च अधिकारीले स्टारलिंक सेवा सुचारु गर्ने सहमति माग्दै स्पेसएक्सबाट प्रस्ताव आए पनि लगानी रकमबारे भने बताउन चाहेनन्। कम्पनीले परियोजनामा अधिकतम ६ अर्बसम्म लगानी गर्न सक्ने बताइएको छ।

ब्लुमबर्गको बिलिनियर इन्डेक्सअनुसार आइतबार एलन मस्कको कुल धन (नेटवर्थ) २१९ अर्ब डलर कायम छ। वर्तमान विनिमयदरअनुसार नेपाली रुपैयाँमा उनको नेटवर्थ २ ९० खर्ब ४१ अर्ब ५९ करोड हो। विश्वकै धनीले नेपालमा लगानी गर्न खोज्नुलाई महत्त्वका साथ हेरिएको छ।

विदेशी कम्पनीले नेपालमा इन्टरनेट सेवा सञ्चालन गर्न २० प्रतिशत सेयर हिस्सा नेपालीलाई दिनुपर्ने हुन्छ। तर, स्थानीयलाई साझेदार बनाउने नीति स्पेसएक्सको छैन। प्रचलित इन्टरनेट सेवामा पनि यसले असर गर्न सक्छ। यी यस्ता प्राविधिक विषयमा अध्ययन गरेर निर्णय लिने पक्षमा सरकार छ। स्पेसएक्सले सन् ०१९ बाट सुरु गरेको यो सेवा विश्वका ७० देशमा विस्तार भएको छ। दक्षिण छिमेकी मुलुक भारतले पनि स्टारलिंक सेवा विस्तार गर्न स्पेसएक्सलाई स्वीकृति दिइसकेको छ। कम्पनीले ०२३ भित्र नेपालमा स्टारलिंक सेवा विस्तार गर्ने व्यावसायिक योजना बनाएको थियो। सोहीअनुसार गत असारमा स्पेसएक्सका उच्च अधिकारीहरू गुपचुप नेपाल आएर यसबारे फिल्ड सर्भेसमेत गरिसकेका छन्। त्यसको केही समयपछि नेपालमा स्टारलिंक सेवा सुचारु गर्ने अनुमति माग्दै कम्पनीले प्रस्ताव दिएको हो।

स्टारलिंक 'वायरलेस' अर्थात् सीधै स्टाटेलाइटको माध्यमबाट प्रयोग गर्न सकिने इन्टरनेट सेवा हो। यसमा तारविना नै राउटरले इन्टरनेट सेवा उपलब्ध गराउँछ। रुस-युक्रेन र इजरायल-हमास समूहको युद्धबाट प्रभावित क्षेत्रमा फाइबरको नेट अवरुद्ध भएपछि स्टारलिंकमार्फत इन्टरनेट सेवा दिइएको थियो।

हाल नेपालमा फाइबर (इन्टरनेट प्रवाह गर्ने तार)को माध्यमबाट इन्टरनेट सेवा प्रदान गरिँदै आएको छ। त्यो अवस्थामा स्पेसएक्सले नेपालमा स्याटेलाइटको माध्यमबाट इन्टरनेट सेवा सुचारु गर्ने प्रस्ताव गरेको हो। नेपाल भौगोलिक रूपमा विविधता तथा विकट मानिने ठाउँ हो। भौगोलिक अवस्थाकै कारण नेपालका विकट तथा ग्रामीण क्षेत्रमा इन्टरनेट सेवा विस्तार हुन सकेको छैन। त्यो अवस्थामा स्याटेलाइटको माध्यमबाट इन्टरनेट सेवा प्रवाह गर्ने प्रविधि आउँदा इन्टरनेटको पहुँच विस्तारमा सहयोग पुग्ने जानकारहरू बताउँछन्।

अर्थविद् केशव आचार्यले एलन मस्कको कम्पनीबाट लगानी प्रस्ताव आउनु निकै महत्त्वपूर्ण भएको बताए। 'विश्वकै धनी व्यक्ति मस्कले हचुवाको भरमा लगानी गर्न खोजेका पक्कै होइनन्। पक्कै पनि नेपालमा आएर प्राविधिक रूपमा अध्ययन तथा सर्भे गरेका हुन सक्छन्। त्योअनुसार नेपालमा केही सम्भावना देखेर नै यस्तो प्रस्ताव आएको हुन सक्छ, यो एकदमै महत्त्वपूर्ण पक्ष हो। विश्वकै धनी व्यक्तिले नेपालमा लगानी प्रस्ताव गर्दा र लगानी गरेपछि विश्वव्यापी रूपमा ठूलो सकारात्मक सन्देश जान्छ,' उनले भने।

१० महानिर्देशकको...

पृष्ठ १ बाट क्रमशः

थिए। २६ फागुन ०७९ देखि १० साउन ०८० सम्म विभाग हाँकेका नारायणप्रसाद भट्टराईको समयमा ६ सय ९७ नक्कली लाइसेन्स बनेका छन्। सबैभन्दा कम नक्कली लाइसेन्स दुई महिना मात्रै विभागको महानिर्देशक रहेका सुरेश राउतको पालामा जारी भएको देखिन्छ। उनको पाला २० असार ०७९ देखि १९ भदौ ०७९ सम्म तीन सय ५० थान नक्कली लाइसेन्स जारी भएका छन्। नक्कली लाइसेन्स जारी गर्नमा यातायात कार्यालयदेखि विभागसम्मकै कर्मचारीको मिलेमतो रहेको रिपोर्ट भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र यातायात व्यवस्था विभागले नै दिएका छन्। महानिर्देशकहरूले यातायात कार्यालयहरूमा गैरकानुनी गतिविधि भएको चाल पाउँदा पनि आँखा चिम्लेको विभाग र मन्त्रालयका छानबिन प्रतिवेदनले उल्लेख गरेका छन्।

फर्जी लाइसेन्स जारी हुने गरेको सूचना पाएपछि यातायात व्यवस्था विभागले समिति नै गठन गरेर छानबिन गरेको थियो। विभागका सूचना प्रविधि शाखा प्रमुख उपसचिव मुकेश रेग्मीको संयोजकत्वमा गठित छानबिन समितिले गत २० पुसमा प्रतिवेदन बुझाएको थियो। समितिले लिखित र ट्रायलविनै एक लाख दुई हजार सात सय ११ फर्जी लाइसेन्स जारी भएको रिपोर्ट तयार गरेको थियो। प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई पठाइएको छ। अख्तियारले यसमाथि छानबिन थालिसकेको छ। यसका लागि अख्तियारले विभागबाट कागजपत्रसमेत लगिसकेको छ। सिआइबीले भने हालसम्म छानबिन थालेको छैन।

विभागपछि मन्त्रालयले पनि छानबिन गरेको थियो। मन्त्रालयको छानबिनले समेत लाइसेन्समा अनियमितता भएको निष्कर्षसहितको प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बुझाइसकेको छ। मन्त्रालयले पनि फर्जी लाइसेन्समा विभागदेखि यातायात कार्यालयसम्मका कर्मचारीको संलग्नता औँल्याएको छ।

नक्कली लाइसेन्स जारी गर्न महानिर्देशकको भूमिका कति ?

नक्कली लाइसेन्स जारी गर्न यातायात व्यवस्था विभागका महानिर्देशकको सीधा भूमिका हुँदैन। संघीयता कार्यान्वयनपछि ०७५ यता लाइसेन्ससहित यातायातसम्बन्धी अधिकार क्षेत्र प्रदेशमा हस्तान्तरण भएका छन्। त्यसैअनुसार लाइसेन्स जारी गर्ने काम पनि प्रदेशले नै गर्छ। अहिले सातै प्रदेशमा ३५ यातायात कार्यालयबाट लाइसेन्सलगायत यातायातका गतिविधि हुन्छन्। तर, लाइसेन्सको केन्द्रीय प्रणाली भने विभागसँगै छ। विभागले प्रणालीमा पहुँच दिएपछि कार्यालयहरूले यसमा विवरण भर्न मिल्छ। प्रणाली विभागसँग भएपछि त्यसमा भण्डारण भएका डाटा पनि विभागसँगै हुन्छ। लाइसेन्स जारी नै गर्ने सीधा भूमिकामा विभागका प्रमुखहरू संलग्न नभए पनि यस्तो धन्दा देशभरि चलिरहँदा त्यसको अनुगमन र नियमनमा भने उनीहरूले आँखा चिम्लेर समर्थन गरेको देखिन्छ। विभागका कतिपय पूर्वमहानिर्देशकहरू नक्कली लाइसेन्स जारी भएको छिटपुट जानकारी पाए पनि त्यसलाई समग्रतामा हेरेर सल्टाउने प्रयास नगरेको स्विकार्छन्। यसले उनीहरूको संलग्नता पुष्टि हुने आधार दिन्छ। विभाग र मन्त्रालयको छानबिनले पनि विभागका अधिकारीहरूको भूमिका रहेको संकेत गरेको छ।

विश्वासमा...

पृष्ठ १ बाट क्रमशः

कोठा भाडा लिई बस्दै आएका थिए। दुईबीच वेलाबखत आपसी विवाद हुँदै आएको थियो।

उनीहरूबीचको सोही विवाद सफिना हत्याको कारण रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले बताए। 'यिनीहरू वर्ष दिनदेखि 'लिभिङ टुगेदर'मा थिए। दुईबीच वेलाबखत विवाद हुने गरेको रहेछ। सोही विवाद हत्याको कारण रहेको देखिन्छ,' एसएसपी खत्रीले भने, 'मृतक सफिना र घटनामा संलग्न अन्सारी दुवै विवाहित हुन्। उनीहरू दुवैजना परिवारबाट अलग-अलग थिए।

सफिनाको हत्या कात्तिकको पहिलो साता भएको प्रहरीको दाबी छ। घटनाको दिन अन्सारी मदिरा सेवन गरी कोठामा पुगेका थिए। प्रहरीको अनुसन्धानमा देखिएअनुसार खाना खाएर दुवै सँगै सुतेका थिए। यही क्रममा अन्सारीले सफिनालाई ढोकाको आग्लो झिकेर प्रहार गरेका थिए। त्यसपछि सलको पासोले घाँटीमा थिचेका थिए। मृत्यु भएपछि अन्सारीले सफिनाको शवलाई खाटमुनि धकेली कोठाबाट निस्केको थिए। ढोकामा ताला लगाई चाबी भने नजिकैको झाडीमा फ्याँकेका थिए।

त्यसलगत्तै उनी भारतको बिहार पुगेका थिए। करिब दुई महिनाको बसाइपछि उनी पुनः नेपाल फर्किएका थिए। र, काठमाडौं महानगरपलिका- १३ कालीमाटीस्थित दिलीप साहले सञ्चालन गरेको बिएन फेसन गार्मेन्टमा काम सुरु गरेका थिए। यस क्रममा उनले सफिनाको शव दाहसंस्कार भए-नभएको सम्बन्धमा आफन्तमार्फत सूचना लिइरहेका थिए।

यता, तीन महिनासम्म पनि नखुलेपछि घरबेटी गिरीले गत ३ माघमा स्थानीय जनप्रतिनिधिको रोहवरमा कोठाको ताल्चा फोडेकी थिइन्। ढोका खोलेर भित्र प्रवेश गर्दा सफिनाको मृत शरीर फेला परेको थियो। सडेगलेको अवस्था शव फेला परेपछि गिरीले प्रहरीलाई खबर गरेकी थिइन्।

घटनास्थल पुगेको प्रहरीले तुरुन्तै अनुसन्धान थाल्यो। प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी खत्रीका अनुसार भारतीय प्रहरीसँगको समन्वयमा अन्सारी नेपालमै रहेको सूचना आएको थियो। 'घटनास्थलबाट बरामद सबुतका आधारमा अनुसन्धान सुरु भयो। घटनामा अन्सारी संलग्न रहेको आशंकापछि उनको खोजी भयो,' उनले भने, 'भारतीय प्रहरीसँग पनि समन्वय भयो। उनी काठमाडौंमै रहेको सूचना प्राप्त भयो। खोजी गर्ने क्रममा उनी कालीमाटीबाट पक्राउ परे। उनीविरुद्ध अहिले अनुसन्धान जारी छ।'

प्रहरीका अनुसार मृतक सफिनाका एक छोरा र छोरी छन्। उनको श्रीमान् नसिव दिन मियाँ तीन वर्षदेखि रोजगारका क्रममा भारतको कस्मिर बस्दै आएका छन्। यसबीचमा उनी वेलाबखत मात्रै घर आउँथे। र, पुनः कस्मिर नै फर्कन्थे। उनी र श्रीमती सफिनाबीचको सम्बन्ध राम्रो थिएन।

यहीबीचमा सफिना एकाएक परिवारको सम्पर्कबाट टाढिएकी थिइन्। नसिवले परिवारको सदस्य लगाएर उनको खोजी पनि गरेका थिए। उनी अन्सारीसँग लिभिङ टुगेदरमा रहेको खबरपछि नसिवले खोजी कार्य बन्द गरेका थिए।

यता, घटनामा संलग्न अन्सारीका श्रीमतीसहित दुई सन्तान छन्। नौ वर्षदेखि काठमाडौं बस्दै आएका उनको पनि परिवारसँग राम्रो सम्बन्ध छैन। 'गुरुभाइ'का नामले परिचित उनी गार्मेन्टमा सिलाइ कालिगढका रूपमा कार्यरत छन्।

कोटेशन आव्हान

सूचना प्रकाशित मिति २०८० माघ ८ गते

प्रस्तुत विषयका यस जि पी कोईराला मेमोरियल (सामुदायिक) कलेजलाई कम्प्युटर उपकरण खरिद गर्नुपर्ने भएकोले तपशिलको कोटेशन आव्हान गरिएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र इच्छुक कम्पनी, सप्लायर्स र पसलहरुले तल उल्लेखित विवरण अनुसार लागत मुल्य घटाघट प्रक्रियाद्धारा सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. सामाग्री उपकरण तपसिल र जम्मा रकम १४,३७,५००/- (चौध लाख सैतिस हजार पाँच सय मात्र)

सि.नं.	सामाग्री उपकरण विवरण आवश्यकता	संख्या
1	Desktop Computer	22
2	Laptop	1
3	Printer 1 + Color Printer 1	2
4	Projector	5

नोट : अन्य विस्तृत विवरण कलेजको सूचना पार्टीमा र वडा कार्यालयहरुका सूचना पाटीमा पनि टाँस गरिएको कुराको जानकारी गराइन्छ।

शिव प्रसाद अधिकारी
क्याम्पस प्रमुख
सम्पर्क : ९८४१४०४३५६

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

गैह्र बैंकिंग सम्पत्ति बिक्रीका लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति २०८०/१०/०८

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिंग सम्पत्ति जे जस्तो अवस्थामा र जे जति परिमाणमा छ सोहि अवस्था र परिमाणमा शिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने भएको हुंदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि ईच्छुक योग्य खरिदकर्ताहरुबाट गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

बिक्री गर्ने गैह्र बैंकिंग सम्पत्तिको विवरण

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं.१ सिट नं. १ कि.नं. २१८१०, २५५८६, ६१३६, २१५०८, २३३०८, २०५७४, २२३०९, २००२९ र २०८४८ क्षेत्रफल क्रमशः ०-१-१३.२५-०, ०-०-३.५-०, ०-१-५-०(पक्की घर समेत), ०-०-१.७५-०, ०-१-१९-०, ०-०-४-०, ०-०-८.२५-०, ०-०-६.२५-० र ०-१-१६.५-० को जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ सिट नं. १७९००१६१६ कि.नं. ७८ क्षेत्रफल १०२२.२२ व.मी.(पक्की घर समेत), को घरजग्गा र सो घरजग्गाले चर्चेको लिग लगापात समेत।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं.६ सिट नं. ६/क कि.नं. क्रमशः ६४, ६६, ६९, ७०, ६५, र २७०८ क्षेत्रफल क्रमशः ०-७-१७-०, ०-८-०-०, ०-१५-०-०, ०-१४-०-०, ०-१३-०-० र ०-१४-०-० को जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत।

शर्त बन्देजहरु

१. इच्छुक खरिदकर्ताले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा शिलबन्दी बोलपत्र बुझाई सक्नुपर्नेछ। म्याद नाघेपछि प्राप्त भएका, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र मान्य हुने छैन।
२. प्राप्त हुन आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिनको ४ बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य सम्बन्धित निकायका प्रतिनिधिहरुको रोहवरमा यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा खोलिने छ। तर सम्बन्धीत निकायका प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले बोलपत्र खोल्न बाधा पर्नेछैन।
३. बोलपत्रमा बोलपत्रदाताहरुले आफ्नो नाम, ठेगाना, व्यक्ति भएमा तिनपुस्ते विवरण एवं आफ्नो पहिचान खुल्ने कागजात सहित उक्त गैह्र बैंकिंग सम्पत्ति आफुले के कति रकममा खरिद गर्न चाहेको हो सो व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
४. बोलपत्र साथ आफुले उक्त गैह्र बैंकिंग सम्पत्ति लिन कबोल गरेको रकमको कम्तीमा १०(दश) प्रतिशतले हुन आउने रकम नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको GOOD FOR PAYMENT चेक कम्पनीमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा धरौटी बापत जम्मा गरी सो को सक्कल रसिद समेत समावेश गर्नुपर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। बोलपत्र स्विकृत नभएमा धरौटी रकम फिर्ता गरिंदा धरौटी रकमको ब्याज दिइने छैन।
५. प्राप्त बोलपत्रहरु मध्ये अधिकतम अंक कबोल गरेको बोलपत्र यस वित्तीय संस्थालाई स्वीकार्य भएमा उक्त गैह्र बैंकिंग सम्पत्ति बिक्री गर्न बोलपत्र स्वीकृत गरिनेछ। स्वीकृत बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचनामा वित्तीय संस्थाले तोकेको मिति सम्ममा धरौटी बाहेकको बांकी रकम नगद जम्मा गरि उक्त गैह्र बैंकिंग सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ। उक्त म्याद भित्रमा बाँकी रकम बुझाई उक्त गैह्र बैंकिंग सम्पत्ति दाखिला खारेज नामसारी गरिलिन नआएमा उक्त धरौटी रकम स्वतः जफत हुनेछ।
६. कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनःनेगोसियट् गरी बिक्री गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।
७. स्विकृत बोलपत्र अनुसार खरिदकर्ताले उक्त गैह्र बैंकिंग सम्पत्ति आफ्नो नाममा नामसारी गर्दा नियमानुसार लाग्ने रजिष्ट्रेशन दस्तुर, अन्य कर तथा लाग्ने आवश्यक शुल्क खरिदकर्ता स्वयम् आफैले नै व्यहोनु पर्नेछ।
८. ईच्छुक खरिदकर्ताले बोलपत्र बमोजिम विक्री गरिने गैह्र बैंकिंग सम्पत्ति हेर्न निरिक्षण गर्न र सो सम्बन्धि विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, इटहरी, सुनसरीमा सर्म्पक गर्न सक्नुहुनेछ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४५४४०३९, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	विर्तामोड	नेपालगंज
४४२२२९०	५३२९५५४	६६२००६७	५४०८६९०	५३३१५३३	५९१०७३८	०२५-५८७०५१	०२३-५३०५४८	०८१-५३२०५६
घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०५४५	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०९१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

चारवटै...

पृष्ठ १ बाट क्रमशः

भएको भन्दै समिति सभापति र सदस्यहरू नै आरोप-प्रत्यारोपमा उत्रिए। कतिपय सांसदले नै समितिहरूले 'अस्वाभाविक' सक्रियतामा देखाएको भन्दै गम्भीर प्रश्न र आशंका गरे।

एनसेल प्रकरणमा प्रतिनिधिसभाका १० मध्ये चार समितिले हात हालेका छन्। अर्थ, लेखा, राज्य व्यवस्था र सूचना प्रविधि समितिले सक्रियता देखाएलगत्तै कार्यक्षेत्रको विवाद सुरु भयो। मध्यस्थताको भूमिका खेल्नुपर्ने सभामुख पनि गम्भीर नबन्दा विषय थप पेचिलो बन्दै गयो। कांग्रेस सांसद चन्द्र भण्डारीले त एउटै विषयमा एकभन्दा बढी समितिले हात हाल्नुको पछाडि 'पैसाको बार्गेनिङ' हुन सक्ने गम्भीर आरोप लगाएका छन्। संसद् सचिवालयका अनुसार एनसेलको सेयर खरिद-बिक्री गैरकानुनी रूपमा भएको विवरण आएपछि सुरुमा लेखा समितिले छलफल चलाएको थियो। २० मंसिरमा लेखा समितिले एनसेलको सेयर खरिद-बिक्रीमा रोक लगाउन निर्देशन दिँदै अर्को बैठकमा प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको थियो।

२० मंसिरमै अर्थ समितिले सेयर खरिद-बिक्री प्रकरणमा नियामक निकायसँग कारोबारको विवरण लिने र सञ्चारमन्त्रीसहित विभागीय अधिकारी बोलाएर वैधता स्पष्ट गर्न लगाउने निर्णय गर्‍यो। भोलिपल्ट सरकारले छानबिन समिति गठन गरेपछि राज्य व्यवस्था तथा सुशासन समितिको २२ मंसिरको बैठकले एनसेल प्रकरणमा थालिएको काम-कारबाहीबारे जानकारी लिन प्रधानमन्त्रीलाई बोलाउने निर्णय गर्‍यो। २५ मंसिरमै प्रधानमन्त्री आएर ब्रिफिङ गर्न तयार भए। तर, एमालेको देशव्यापी अभियानका कारण समिति बैठक बस्न नसक्दा राज्य व्यवस्थाले ३ पुसमा प्रधानमन्त्री बोलाएर छलफल गर्‍यो।

राज्य व्यवस्थाको छलफलमा प्रधानमन्त्रीसहित सञ्चारमन्त्री रेखा शर्मा, मुख्यसचिव वैकुण्ठ अर्याल, गभर्नर महाप्रसाद अधिकारी, दूरसञ्चार प्राधिकरणका अध्यक्षलगायत सम्बद्ध सबै अधिकारी सहभागी भएपछि अन्य समितिको छलफलको औचित्य नै सकियो।

भोलिपल्ट ४ पुसमा लेखा समिति सभापति ऋषिकेश पोखरेलले तिखो प्रतिक्रियासहित असन्तुष्टि जनाए। सभापति पोखरेलको प्रतिक्रियाप्रति ४ पुसमै राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले सभामुख देवराज घिमिरेसँग असन्तुष्टि जनाए। त्यसअगाडि बसेको समिति बैठकमा सदस्य गगन थापा, रवि लामिछाने र राजेन्द्र पाण्डेले लेखा समिति सभापतिको टिप्पणीको प्रतिवाद गरेका थिए। यो विवाद यतिमै रोकिएन। १२ पुसमा लेखा समिति बैठकमा सदस्य प्रदीप यादवले आफूहरूले उठाएको विषयमा कार्यक्षेत्र मिचेर अन्य समितिको हस्तक्षेप स्वीकार्य नभएको चेतावनी दिए।

नियमावलीअनुसार एनसेल सेयर खरिद-बिक्री प्रकरणमा प्रत्यक्ष कार्यक्षेत्र पर्ने शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले झन्डै एक महिनापछि १३ पुसमा मात्रै छलफल चलायो। सञ्चारमन्त्री र नियामक निकायका पदाधिकारी बोलाएर छलफल चलाउँदा सबै सदस्यबाट कार्यक्षेत्र मिचिएको भनेर आक्रोश पोखियो। प्रभु हजाराले समितिको अधिकार ओभरट्याक भएको टिप्पणी गरे भने दीपा शर्माले कार्यक्षेत्र मिचेर काम देखाएजस्तो गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्ने बताइन्।

देवेन्द्र पौडेलले चर्चा कमाउनलाई समितिहरूले मनलाग्दी गरेको र सभामुखको नेतृत्वदायी भूमिका नदेखिएको टिप्पणी गरे। चन्द्र भण्डारीले अधिकारविहीन समितिहरूको चहलपहलमा खोट रहेको बताए।

एनसेल प्रकरणमा चारवटै समिति सभापतिको बैठक राख्ने निर्णय

नयाँ पत्रिका

एनसेल प्रकरणमा देखिएको कार्यक्षेत्र विवाद निरूपण गर्न चारवटै समिति सभापतिको बैठक राख्ने निर्णय भएको छ। सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाका समिति सभापतिहरूसँग आइतबार गरेको छलफलमा एनसेन सेयर खरिद-बिक्री प्रकरणमा हात हालेका चारवटै समिति सभापतिको राष्ट्रिय सभा निर्वाचनपछि बैठक राख्ने निर्णय भएको हो।

सभामुख घिमिरेले कार्यवाहक महासचिव पदमप्रसाद पाण्डेयलाई बैठकको व्यवस्थापन गर्न जिम्मेवारी दिएका छन्। बैठक राष्ट्रिय सभा चुनावपछि राख्ने तय भएको राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले बताए।

सभामुखसँगको बैठकमा राज्य व्यवस्था समिति सभापति खतिवडा, अर्थ समिति सभापति सन्तोष चालिसे र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति भानुभक्त जोशी उपस्थित थिए। एनसेलमा अरू समितिले हात हालेकोमा सार्वजनिक रूपमै असन्तुष्टि राखेका लेखा समिति सभापति ऋषिकेश पोखरेल भने अनुपस्थित थिए।

सभामुख घिमिरेले एनसेलको विषयलाई समझदारीपूर्ण ढंगबाट अगाडि बढाउन निर्देशन दिएका थिए। 'फरक-फरक समितिले एउटै क्षेत्र हो भनेर भइरहेका विषयहरूलाई पनि बसेर समझदारीपूर्ण ढंगबाट लानुस्। आफ्नो पाटोलाई हेर्नुस्। भएन भने बसेर यसले हेर्ने भनेर अहिलेसम्म गरेका प्रगतिहरूमा आधारित भएर एउटाले हेर्ने गरी मिलाउने कामहरू गर्नुस्,' उनले भने, 'समय, आर्थिक खर्च र फरक सोचहरू नआओस्।'

राज्य व्यवस्था समिति सभापति खतिवडाले एनसेल प्रकरणमा लेखा समिति सभापतिले फेसबुकमा लेखेर असन्तुष्टि जनाएको विषय उठाएका थिए। 'लेखा समितिको असन्तुष्टि थियो भने सार्वजनिक रूपमा फेसबुकमा लेख्ने कुरा थिएन। सभामुखसँग आएर उहाँले भन्नुपर्थ्यो। फेरि उहाँ (पोखरेल) सभापतिहरूको बैठकमा पनि देखिनुभएन। सभामुखज्यूले यो विषयमा चारवटै समिति सभापतिको बैठक बेलाएर टुंगो लगाउनुपर्छ,' उनले भने।

अर्थ समिति सभापति चालिसेले आफ्नो दायराभित्रको विषय उठान गरेको जिकिर गरेका थिए। 'यहाँ लेखा समिति सभापति आउनुभएन। एनसेलको ६६ अर्ब र ६८ अर्बको कुरा आउँदा स्वतः अर्थ समितिले हेर्ने कुरा भयो। यसको राजस्वको विषय आएपछि अरूलाई चाहियो। अरूले आफ्नो किसिमले चासो राखे होलान्, त्यो मेरो सरोकारको विषय होइन। मैले आफ्नो दायराभित्रको विषय उठाएको हो,' उनले भने। सभामुखले आ-आफ्नो क्षेत्र निर्धारण गरेर अगाडि बढ्नका लागि चारैजना बसेर सल्लाह गर्न सुझाव दिएको उनले बताए।

सभापतिहरूलाई सभामुखको निर्देशन
विधेयकहरू चाँडो टुंग्याउनूस्, समितिहरूबीच समन्वय गर्नूस्

सभामुख देवराज घिमिरेले समितिमा विचाराधीन विधेयकहरू चाँडो टुंग्याउन सभापतिहरूलाई निर्देशन दिएका छन्। आइतबार आफ्नै कार्यकक्षमा प्रतिनिधिसभाका विषयगत समिति सभापतिहरूसँगको छलफलमा सरकारले १८ माघमा हिउँदे अधिवेशन बोलाउने तयारी थालेका भन्दै समितिमा रहेका विधेयकहरू टुंग्याउन निर्देशन दिएका हुन्।

'आउँदो हिउँदे अधिवेशनका लागि हामीले गर्ने तयारी छिटो सकौँ। बाँकी रहेका विषयहरू छिटो सिध्याउनूस्। आवश्यकताअनुसार बैठक छिटो-छिटो बोलाउनूस्,' उनले भने, 'समितिमा आएका विधेयकहरू अगाडि बढाएर आउँदो सत्रमा एजेन्डा तय गर्न सभापतिहरूको भूमिका होस्।'

सभापतिहरूले आफ्नो समितिले विधेयकमा गरेको प्रगतिबारे ब्रिफिङ गर्दै केही विधेयकमा सहमति जुट्न नसकेको र समझदारीबाटै टुंग्याउन प्रयत्न गरिरहेको बताएका थिए। सभामुख घिमिरेले आउँदो अधिवेशनमा क्यालेन्डर लागू गर्ने तयारी भइरहेको भन्दै त्यसमा सहयोग हुने गरी कार्यसम्पादन गर्न पनि सभापतिहरूलाई निर्देशन दिए। 'अबको संसद्लाई प्रभावकारी ढंगबाट लैजान क्यालेन्डर लागू गर्ने, क्यालेन्डरभित्र चल्न सबैले वातावरण बनाएर जानुपर्छ। १५ दिन, महिना दिन र सिंगो सत्रभरिको क्यालेन्डर बनाऔं, सत्र कहिलेसम्म चल्ने भन्ने समझदारीपूर्ण ढंगले योजनाबद्ध बनाऔं,' उनले भने।

सभामुख घिमिरेले समितिहरूबीच समन्वय बलियो बनाउन सभापतिहरूलाई अनुरोध गरे। 'फरक-फरक समितिले एउटै क्षेत्र हो भनेर भइरहेका विषयहरूलाई पनि बसेर समझदारीपूर्ण ढंगबाट लानुस्। आफ्नो पाटोलाई हेर्नुस्। भएन भने बसेर यसले हेर्ने भनेर अहिलेसम्म गरेका प्रगतिहरूमा आधारित भएर एउटा हेर्ने गरी मिलाउने कामहरू गर्नुस्,' उनले भने।

सभामुख घिमिरेले गैरसरकारी संस्थाबाट सीधै सहयोग नलिन सभापतिहरूलाई निर्देशन दिए। बैठकमा कृषि समिति सभापति आरजु राणा देउवाले भारतको सहयोगमा हिमाञ्चल प्रदेशमा बाँदर नियन्त्रणसम्बन्धी अध्ययन गर्न २० जना सांसद जान लागेको जानकारी गराएकी थिइन्। कानुन समिति सभापति विमला सुवेदीले एनडिआई नामक एनजिओसँग सहकार्य गर्न लागेको बताइन्।

समितिहरू आफ्नो हिसाबले गैरसरकारी संस्था तथा दातृ निकायसँग अगाडि बढेपछि सभामुख घिमिरेले संसद् सचिवालयसँग समन्वय गरेर एकद्वार प्रणाली अपनाउन सभापतिहरूको ध्यानाकर्षण गराएका हुन्। 'बाहिरबाट समितिहरूलाई प्राप्त हुने सहयोग एकीकृत ढंगबाट लानुपर्छ। समितिलाई चाहिने सहयोग सचिवालयमार्फत लिनु राम्रो हुन्छ,' उनले भने।

छलफलमा समितिबाट हुने वैदेशिक भ्रमणलाई पनि एकद्वार प्रणालीबाट व्यवस्थित गर्नुपर्ने विषय उठेको थियो। 'समितिबाट वा व्यक्तिगत रूपमा जाँदा कहिले गइसकेपछि त कहिले काम सकिसकेपछि जानकारी गराउने प्रवृत्तिलाई व्यवस्थित गर्नुपर्छ। प्राथमिकता के हो, कतिजना जाने, जान हुने कि नहुने, यस्ता कुरा समयमै छलफल भएर रिपोर्टिङ गर्नुपर्छ,' सभामुख घिमिरेले भने।

नेपाल नागरिक उड्डयन प्राधिकरण

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

भैरहवा,रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति २०८०।१०।०८

यस गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयबाट मिति २०८०।०८।११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

सि.नं.	बोलपत्र नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	मूल्याङ्कित कबोल रकम (मू.अ.कर बाहेक)
१.	NCB-01/GBIA/080-81	M/S Mahavir Shree International Pvt. Ltd., Sinamangal, Kathmandu	रु. १३,२३,३४८।०० (अक्षरेपी तेह्र लाख तेइस हजार तीन सय अठचालिस रुपैयाँ मात्र)
२.	NCB-03/GBIA/080-81	M/S P. D. Engineering Pvt. Ltd., Sitapaila, Kathmandu	रु.१८,४०,९००।००(अक्षरेपी अठार लाख चालिस हजार नौं सय रुपैयाँ मात्र)

पूर्वसांसद इच्छाराज...

पृष्ठ १ बाट क्रमशः

ठहरको फैसला भएको हो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १६ भदौ ०७९ मा इच्छाराजविरुद्ध तीन अर्ब ३१ करोड ८५ लाख रुपैयाँभन्दा बढी सम्पत्ति शुद्धीकरण गरेको अभियोग लगाइएको थियो। त्यस्तै, उनकी श्रीमती सिर्जनासँग एक अर्ब तीन करोड रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको थियो।

प्रतिवादीहरू इच्छाराज र केशवलालको बारेमा विभागद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, '..कसुरबाट आर्जित सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, छल्ने, हस्तान्तरण र रूपान्तरणसमेतका निषेधित कार्यहरू गरी सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने इच्छित मनसायले आफ्ना परिवारका मानिसहरूबीच अंशबन्डासमेत गरी- गराई आफू एवं परिवारका मानिसहरू संलग्न रहेका सिभिल होम्स प्रालिलगायतका विभिन्न व्यावसायिक कम्पनीमार्फत घरजग्गाको कारोबारसम्बन्धी व्यवसायमा सो गैरकानुनी स्रोतको रकम लगानी गरी त्यस्ता व्यावसायिक कार्यबाट थप सम्पत्ति आर्जन गरी अन्य प्रतिवादीहरू सिर्जना शाक्य (तामाङ), प्रतिष्ठा तामाङ, प्रतीक्षा तामाङ र मीनाकुमारी श्रेष्ठसमेतका नाउँबाट कारोबार गर्ने एवं सम्पत्ति लुकाइछिपाई राखी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आयो।'

इच्छाराजका नाममा एक कित्ता जग्गा तथा ६९ वटा कम्पनीमा सेयर भेटिएको थियो। सिर्जनाका नाममा भने एउटा सवारीसाधन र कसुरबाट आर्जित जग्गा भेटिएको थियो। विभागले प्रतीक्षा र प्रतिष्ठालाई क्रमशः ६ करोड २२ लाख तथा एक करोड ८९ लाख रुपैयाँभन्दा बढीको बिगोसहित मुद्दा चलाएको थियो। उनीहरूका नाममा पनि घरजग्गा र विभिन्न कम्पनीमा सेयर भेटिएको दाबीसहित मुद्दा दायर भएकोमा उनीहरूलाई विशेषले सफाइ दिएको छ।

त्यस्तै, इच्छाराजले अपराधबाट आर्जन गरेको २६ करोड ६१ लाख रुपैयाँभन्दा बढीको सम्पत्ति केशवलालको नाममा राखिएको विभागको अनुसन्धानले देखाएको थियो। मीनाकुमारी श्रेष्ठका नाममा भने काठमाडौंका विभिन्न स्थानमा ७ कित्ता जग्गा भेटिएको थियो।

सहकारी क्षेत्रलाई संकटग्रस्त घोषणा गर्न सहकारी समितिको निर्देशन

काठमाडौं/ संघीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले सहकारी क्षेत्रलाई संकटग्रस्त घोषणा गर्न सरकारलाई निर्देशन दिएको छ। आइतबार बसेको समितिको बैठकले सहकारी क्षेत्र जटिल अवस्थामा पुगेको भन्दै तत्कालका लागि संकटग्रस्त क्षेत्र घोषणा गर्न निर्देशन दिएको हो। सहकारीको मर्मविपरीत काम गरेकै कारण नेपालको सहकारी धराशायी बनेको समितिको ठहर छ। त्यस्तै, सहकारी संस्थाहरू उत्पादनमूलकभन्दा पनि बचत तथा ऋणको कारोबारमै बढी केन्द्रित हुँदा अहिलेको अवस्था सिर्जना भएको समितिकी सभापति आरजु राणाले बताइन्। सहकारीले बैंकलाई विस्थापन गर्न नसक्ने बताउँदै कालोधनको कारोबार गर्न सहकारीको प्रयोग भएको उनको भनाइ छ।

त्यस्तै, सहकारी ऐनमा भएको कमजोर व्यवस्थाका कारण यो क्षेत्र जोखिममा परेको भन्दै उनले ऐन संशोधनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई लिखित नोट नै बुझाउने बताइन्। 'यो क्षेत्रको सुधारका लागि गर्नुपर्ने कार्यहरू प्रधानमन्त्रीलाई लिखित रूपमा नै बुझाइनेछ,' उनले भनिन्।

छलफलमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले भने सहकारी नियमनको विषयमा संघ, प्रदेश र स्थानीय निकायबीच स्पष्ट कानुन नहुँदा समस्या भएको बताए। सरकारले सहकारीको क्षेत्राधिकारअनुसार स्थानीय, प्रदेश र संघमा जिम्मा लगाएको छ। ८० प्रतिशत सहकारी प्रदेश र स्थानीय निकायअन्तर्गत परिचालित छन्। संघअन्तर्गत एक सय ४९ वटा मात्रै छन्। नियमनका लागि सबै निकायले कानुन नबनाएको उनले बताए।

संसदीय समितिद्वारा चिकित्सा शिक्षा ऐनविपरीत नर्सिङ कलेज सञ्चालनको निर्देशन

छलफल नै नगरी शिक्षा मन्त्रालयलाई निर्देशनसहितको पत्र पठाइएको भन्दै समिति सदस्यहरूकै विरोध

शिवहरि घिमिरे/नयाँ पत्रिका

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चिकित्सा शिक्षा ऐनविपरीत स्टाफ नर्स पढाउने शिक्षण संस्थालाई सञ्चालनको अनुमति दिने प्रस्ताव अघि बढाएको छ। समितिले २ माघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई बन्द भएका शिक्षण संस्था खोल्नेबारे सुझाव तथा निर्देशन दिँदै पत्र पठाएको छ। तर, चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार सय शय्याको आफ्नै अस्पताल नभएको शिक्षण संस्थालाई स्टाफ नर्स पढाउन अनुमति दिन मिल्दैन।

समितिको निर्देशनलगत्तै शिक्षामन्त्री अशोककुमार राईले शुक्रबार बैठक बोलाएर यसबारे छलफलसमेत गरिसकेका छन्। उनी पनि शिक्षण संस्थामाथिको बाधा फुकाउन लचिलो देखिएका छन्। तर, यसो गर्न नमिल्ने चिकित्सा शिक्षा आयोगका उपसचिव मेघनाथ शर्माले बताए। समितिले ऐनविपरीतको निर्देशन दिएको बताउँदै यसलाई कार्यान्वयन गर्न नमिल्ने उनको भनाइ छ। समिति र शिक्षा मन्त्रालयले चिकित्सा शिक्षा ऐनविपरीत स्टाफ नर्स पढाउने शिक्षण संस्थालाई अनुमति दिन लागेको उनले जानकारी दिए। 'आयोगले ऐनविपरीत काम गर्दैन, निर्देशन आउँदैमा सय शय्याको आफ्नै अस्पताल नभएकोलाई अनुमति दिँदैनौं,' उनले भने, 'कानुन पालना गर्ने जिम्मा हाम्रो हो, तर ऐन संशोधन भयो भने मात्रै अनुमति दिन सकिन्छ, संसद्को समितिले कानुनविपरीतका कुरा गर्नु राम्रोचाहिँ होइन।'

ऐनअनुसार सञ्चालन भएको पाइएपछि आयोगले चालू आर्थिक वर्षमा सातवटा शिक्षण संस्थालाई स्टाफ नर्स पढाउन अनुमतिसमेत दिएको छ। तर, यस वर्ष सरकारले नियमभन्दा बाहिर रहेका र ऐनविपरीत सञ्चालनमा आउने लागेका शिक्षण संस्थालाई पनि सञ्चालनका लागि अनुमति दिने चलखेल सुरु गरेको छ। यसले गर्दा मेडिकल शिक्षाको गुणस्तरीयता गुम्ने आयोगको ठम्याइ छ।

चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार स्टाफ नर्स पढाउन सय शय्याको आफ्नै अस्पताल निर्माण हुनुपर्छ। अनि मात्र सो कलेजमा ४० कोटा विद्यार्थी पढाउन पाइन्छ। चिकित्सा शिक्षा आयोगका अनुसार हाल देशभरका ५३ वटा शिक्षण संस्थामा स्टाफ नर्स पढाइ हुन्छ। ऐनअनुसार नभएपछि ६८ वटा बन्द छन्। तर, शिक्षण संस्था सञ्चालक तथा मेडिकल माफियाले मापदण्डविपरीत रहेका कलेजलाई अनुमति दिन चलखेल गर्दै आइरहेका छन्।

■ समितिका सदस्य नै बेखबर

मापदण्डविपरीतका शिक्षण संस्थालाई खोल्न अनुमति दिने निर्देशन तथा सुझावपत्रबारे समितिका सदस्य नै बेखबर छन्। समितिले आफूहरूसँग छलफल नै नगरी शिक्षा मन्त्रालयमा सुझाव र निर्देशनसहितको पत्र पठाएपछि समिति सदस्यहरूले नै विरोध जनाएका छन्। सांसद सुमना श्रेष्ठ र तोषिमा कार्कीले समितिका सभापतिलाई सुझाव तथा निर्देशनपत्रको आधिकारिताबारे लिखित रूपमा जवाफ माग गरेका छन्। उनीहरूले समितिले पत्र पठाउनुको आधार र मापदण्डसमेत माग गरेका छन्। तर, समितिका सभापति भानुभक्त जोशीले समितिमा छलफल भएरै शिक्षा मन्त्रालयमा पत्र पठाएको दाबी गरे। 'व्यवहारमा पनि दुई वर्षमा कलेज निर्माण हुन सक्ने हुँदैन। अर्को कुरा ११ हजार विद्यार्थी पढ् नबाट वञ्चित भए, सोही कारणले विद्यार्थीको भविष्य र व्यावहारिक पक्षलाई ख्याल गर्दै सहजीकरण गर्न भनेका हौं,' उनले भने, 'समितिमा छलफल भएपछि मुख्य बुँदा पढेर सुनाएको थिएँ, तर माननीयज्यूहरूले सुन्नुभएको रहेनछ र गुनासो गर्नुभएको छ।'

■ शिक्षा मन्त्रालय भन्छ– ऐन परिवर्तन गरेरै भए पनि अनुमति दिन्छौं

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट आएका सुझाव तथा निर्देशनलाई सकारात्मक रूपमा लिइएको बताए। उनले चिकित्सा शिक्षा ऐन, २०७५ संशोधन गरेर भए पनि नर्सिङ तथा चिकित्सा शिक्षामा हुँदै आएको बाधा फुकाउने जानकारी दिए।



यस्तो छ समितिको विवादास्पद निर्देशन

- स्टाफ नर्सतर्फ भर्नाको अवरोध हटाई भर्ना लिएर कक्षा सञ्चालन गर्नुपर्ने
- स्टाफ नर्स विषयको भर्नाबारेमा सिटिइभिटीसँगको समन्वयमा चिकित्सा शिक्षा आयोगबाट मापदण्ड तयार भई लागू नहुँदासम्मका लागि कोभिड- १९ को बन्दाबन्दी समयलाई शून्य समय मानी आफ्नै सय शय्याको अस्पताल बनाउन सात वर्षको समय दिनुपर्ने र नर्सिङ कक्षा सञ्चालन गर्नुपर्ने
- चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाबमोजिम दुई वर्षभित्र आफ्नै अस्पताल हुनुपर्ने व्यवस्था भएकोमा कोभिड- १९ को शून्य समयको कारणले आफ्नै अस्पताल बनाउन नसकेका संस्थाहरूको हकमा हाललाई नर्सिङ शिक्षाको गुणस्तर कायम गर्न प्रयोगात्मक अभ्यासको सुनिश्चितताका लागि सय शय्याको अन्य कुनै पायक पर्ने अस्पतालसँग सम्झौता गरी कार्यान्वयन गर्ने
- चिकित्सा शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ र सिटिइभिटी ऐन, २०४५ का बीचमा केही विरोधाभास र दोहोरो अर्थ लाग्ने प्रावधान देखिएकाले आयोगका र सिटिइभिटीका पदाधिकारीले छलफल गरी कानुन वा नियमावली संशोधन गरी स्पष्ट पार्ने
- ऐनको सबै मापदण्ड पूरा गरी स्वीकृतिको निम्ति प्रक्रियामा रहेका नयाँ शिक्षालयलाई स्टाफ नर्सको स्वीकृति प्रदान गर्ने

■ **मेघनाथ शर्मा**, उपसचिव, चिकित्सा शिक्षा आयोग



आयोगले ऐनविपरीत काम गर्दैन, निर्देशन आउँदैमा सय शय्याको आफ्नै अस्पताल नभएकोलाई अनुमति दिँदैनौं। कानुन पालना गर्ने जिम्मा हाम्रो हो, तर ऐन संशोधन भयो भने मात्रै अनुमति दिन सकिन्छ, संसद्को समितिले कानुनविपरीतका कुरा गर्नु राम्रोचाहिँ होइन।

'संसद्को समितिबाट आएको सुझावलाई सम्मान गर्छौं, पाँच वर्षदेखि नर्सिङ क्याम्पसका लागि ठूलो बाधा परेको छ, विद्यार्थीको भविष्य र भर्ना भएका विद्यार्थीको पढाइ अन्योल भएको छ,' उनले भने, 'यसलाई सम्बोधन गर्छौं, तर के विधिबाट गर्ने भन्नेबारे निर्णय भइसकेको छैन, ऐन संशोधन गरेर भए पनि उक्त बाधा फुकाउनुपर्ने देखिन्छ।'

हाल सिटिइभिटीअन्तर्गत प्यारामेडिकल क्षेत्रका नर्सिङ तथा हेल्थ असिस्टेन्टलगायत कार्यक्रम सञ्चालन भइरहेका छन्। तर, ऐनअनुसार नभएपछि नर्सिङतर्फ भर्ना अवरुद्ध छ। चिकित्सा ऐनविपरीत स्टाफ नर्समा हुँदै आएको सो अवरोध हटाई भर्ना लिएर कक्षा सञ्चालन गर्न समितिले मन्त्रालयलाई निर्देशन दिएको छ। त्यस्तै, समितिले कोभिडको बन्दाबन्दी समयलाई शून्य समय मान्दै सय शय्या अस्पताल बनाउन सात वर्षको समय दिनुपर्ने र नर्सिङ कक्षा सञ्चालन गर्नुपर्ने निर्देशन मन्त्रालय र आयोगलाई दिएको छ। जुन चिकित्सा शिक्षा ऐनविपरीत मानिन्छ। ऐनमा त्यतिवेला दुई वर्षको समयसीमा राखिएको थियो। तर, दुई वर्षभित्र आफ्नै अस्पताल बनाउन नसकेका अस्पताल बन्द भए।

समितिले चलखेल गर्दै त्यसलाई दुई वर्ष थप गरेर सात वर्षसम्म सय शय्याको अस्पताल निर्माण गर्न समय दिनुपर्ने सुझाव तथा निर्देशन दिएको छ। चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाबमोजिम दुई वर्षभित्र आफ्नै अस्पताल हुनुपर्ने व्यवस्था भएको थियो। समितिले आफ्नै अस्पताल बनाउन नसकेका कलेजको हकमा हाललाई प्रयोगात्मक अभ्यासको सुनिश्चितताका लागि सय शय्याको अन्य कुनै पायक पर्ने अस्पतालसँग सम्झौता गरी कार्यान्वयन गर्नसमेत सुझाव दिएको छ। त्यस्तै, समितिले चिकित्सा शिक्षा ऐन, २०७५, नियमावली, २०७७ र सिटिइभिटी ऐन, २०४५ का बीचमा केही विरोधाभास र दोहोरो अर्थ लाग्ने प्रावधान भएको भन्दै मापदण्डविपरीतका शिक्षण संस्थाको पक्ष लिएको छ। यसका लागि आयोगका र सिटिइभिटीका पदाधिकारीले छलफल गरी कानुन वा नियमावली संशोधन गर्नसमेत समितिले भनेको छ। ०७५ मा ऐन जारी भएपछि दुई वर्षको समयसीमामा मापदण्डमा आउन नसकेका स्टाफ नर्स पढाइ हुने कलेज ०७७ देखि बन्द भएका थिए भने कतिपय मापदण्डमा आएका थिए।

समृद्धि केही मुलुक तथा वर्गको मात्रै विशेष अधिकार होइन : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समृद्धि केही मुलुक तथा वर्गको मात्रै विशेष अधिकार तथा सुविधाको विषय हुन नसक्ने बताएका छन्। युगान्डाको कम्पालामा सम्पन्न असंलग्न राष्ट्रहरूको १९औँ शिखर सम्मेलनमा सहभागी भएर स्वदेश फर्किने क्रममा प्रचण्डले असंलग्न आन्दोलनको सफलताका लागि आपसी सहकार्य र सहयोगको विकल्प नभएको बताए। 'समृद्धि केही मुलुक तथा वर्गको मात्रै विशेष अधिकार तथा सुविधाको विषय हुन सक्दैन। प्रत्येक व्यक्ति तथा मुलुकले समान रूपमा समृद्धि हासिल गर्नका लागि हामी अग्रसर हुनै पर्दछ भन्ने कुरालाई मेरो सम्बोधनमा उल्लेख गरेको छु,' आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्रीले भने। उनले नेपाल शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा अटल रहेको पनि सुनाए।

विकसित मुलुकहरूले विकासोन्मुख राष्ट्रहरूलाई प्रदान गर्ने वित्तीय प्रतिबद्धता पूरा गर्नुपर्ने माग उनले गरे। 'अन्तर्राष्ट्रिय व्यापारमा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी यसको फाइदा कम विकसित मुलुकहरूले समेत महसुस गर्न पाउनुपर्दछ,' प्रचण्डले भने, 'यसर्थ संयुक्त राष्ट्रसंघपछिको सबैभन्दा ठूलो प्रतिनिधिमूलक संस्थाका रूपमा असंलग्न आन्दोलनले स्थायित्व र समृद्धिका लागि न्यायपूर्ण भूमिका निर्वाहका लागि अहम् भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएको छु।'

संसद्को महासचिव नियुक्ति प्रक्रिया अलपत्र

काठमाडौं/ राष्ट्रपति र सभामुखको आ-आफ्नै अडानले संघीय संसद्को महासचिव नियुक्तिमा ढिलाइ भएको छ। सिफारिसको मितिको विषयमा संसद् र राष्ट्रपति कार्यालय अडानमा रहँदा नियुक्ति प्रक्रिया अलपत्र परेको हो। सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले २५ मंसिरमा प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डेयको नाम महासचिवमा नियुक्तिका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेका थिए। सिफारिस भएको डेढ महिनासम्म पनि राष्ट्रपतिले नियुक्त नगरेपछि महासचिव पद रिक्त छ। सभामुख घिमिरेले २७ मंसिरमा पाण्डेयलाई कार्यवाहक महासचिव तोकेर अर्को व्यवस्था नभएसम्मका लागि काम गर्न जिम्मेवारी दिएका छन्। डेढ महिनासम्म निमित्तका भरमा चलिरहेको संसद् सचिवालयमा महासचिव नियुक्त गर्न सभामुख घिमिरे र अध्यक्ष तिमिल्सिनाले ३ माघमा स्मरणपत्र पठाएका छन्। यसअघि सभामुख र अध्यक्षले शीतलनिवासमा राष्ट्रपतिलाई भेटेरै नियुक्त गरिदिन आग्रह गर्दै आएका थिए।

मधेश कृषि विश्वविद्यालयमा जनमतको ताला

राजविराज/ जनमत पार्टीका कार्यकर्ताले मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी गरेका छन्। विश्वविद्यालयको शिलान्यास गर्ने कार्यक्रममा जसपा अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि जनमतका कार्यकर्ता मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी गर्दै विरोधमा उत्रिएका हुन्। राजविराज नगरपालिका- १३ मा सोमबार विश्वविद्यालयको शिलान्यास गर्ने कार्यक्रम तय गरिएको छ। जनमतले आइतबार विश्वविद्यालयका उपकुलपतिलाई ज्ञापनपत्र बुझाउँदै कार्यालयमा तालाबन्दी गरेको हो। तालाबन्दीपछि विश्वविद्यालयको शिलान्यासको प्रमुख अतिथिका विषयमा जसपा र जनमतका कार्यकर्ता आमने-सामने भएका छन्। कुनै पनि हालतमा जसपा अध्यक्ष यादवलाई प्रमुख अतिथि नमान्ने अडानमा जनमतका कार्यकर्ता छन्। यादवलाई प्रमुख अतिथि बनाएर कार्यक्रम गर्ने जसपा कार्यकर्ताको अडान छ। दुई पार्टीका कार्यकर्ता आमने-सामने भएपछि जिल्लामा सुरक्षा चुनौती थपिएको छ। जनमत तथा जसपा कार्यकर्ता आमने-सामने भएपछि सप्तरीलाई हाई अलर्टमा राखिएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
ओखलढुंगा

ठेक्का किन नतोड्ने ? सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०८)

तपशिलमा उल्लेखित निर्माण व्यवसायीहरुले यस आयोजनासँग विभिन्न मितिमा निम्नानुसारको निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेतापनि तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न गर्ने प्रयास नगरेको हुदाँ निर्माण कार्य गर्नका लागि यस अघि पटक पटक लिखित पत्र तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको, प्रयास नगरेको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने र ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा १५(पन्द्र) दिन भित्र विश्वसनिय स्पष्टिकरण सहित यस आयोजनामा स्वयम उपस्थित भइ निर्माण कार्य तत्काल सम्पन्न गर्न जानकारी गराइन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानि ठेक्का सम्झौताका शर्त, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्ध गरी कानूनी कारवाहीको प्रकृया अगाडी बढाइने जानकारी गराइन्छ।

क्र. स	ठेक्का नं.	निर्माण कार्यको विवरण	निर्माण व्यवसायीको नाम	ठेक्का सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने मिति
१	DUDBC/Okhaldhunga/ NHSP-II/NCB / 01/071/072	स्वास्थ्य चौकी भवन निर्माण, मुलखर्क, ओखलढुंगा।	नेशनल-निलगिरी जे.भि., पुरानो बानेश्वर, काठमाण्डौं।	२०७२/०९/०२	२०८०/०६/३०
२	DUDBC/Okhaldhunga/ Works/ NCB /06/070/071	जिल्ला स्वास्थ्य कार्यालय भवन निर्माण, सल्लेरी, सोलुखुम्बु।	निलगिरी निर्माण सेवा प्रा.लि., पुरानो बानेश्वर, काठमाण्डौं।	२०७१/१०/२०	२०८०/०४/२०

आयोजना प्रमुख

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८५२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

मिति २०८०/१०/०८

यस समितिबाट मिति २०८०/०८/२२ गते पहिलो पटक प्रकाशित राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायका साहित्य सदन नेपालको प्रवेशद्वार,पर्खाल निर्माण गर्ने कार्य र महेन्द्र बौद्ध मा.वि.मा बालबालिकालाई शौचालय निर्माण,दुवो र फिनिसिङ गर्ने कार्य गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र यस समितिको मिति २०८०/१०/०५ को बोर्ड बैठकको निर्णयानुसार स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	१/०८०/०८१	साहित्य सदन नेपालको प्रवेशद्वार र पर्खाल निर्माण गर्ने कार्य	१७,४८,३६८.११	टेरासागा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., बौद्ध -६, काठमाण्डौ।
२.	२/०८०/०८१	महेन्द्र बौद्ध मा.वि.मा बालबालिकालाइ शौचालय निर्माण, दुवो र फिनिसिङ गर्ने कार्य	१३,९९,९०८.०१	टेरासागा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., बौद्ध -६, काठमाण्डौ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८५२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०४/०८०/८१

पहिलो पटक प्रकाशित मिति २०८०/१०/०८

यस श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्ने कार्य प्रदान गर्न १२ जना कुचिकारको आवश्यक परेकोले उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट रु. १० को टिकट/नोट अनिवार्य सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिबिलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) Bid security (Bank Guarantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्ने कार्य प्रदान गर्न १२ जना कुचिकार प्रदान गर्ने कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिनभित्र वोलपत्र खरिद गरी ३६ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। बोलपत्रको खाम बाहिर के सम्बन्धी बोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा **"क"** वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (बिल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम नबिल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।
७. रित पूर्वक भरी नआएको, शिलबन्दी भई नआएको, नोटरी नभएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरु वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।
११. उपरोक्त शर्तहरु बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ।

तपशिल

सि.नं./ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१	श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्ने कार्य	२.५ प्रतिशत	३५,३९,१६०.००	१५००

शे-फोक्सुण्डो गाउँपालिका
ཤེལ་ཕུག་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཚོགས་སྐྱབས།
गाउँकार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/०८

यस कार्यालयबाट मिति २०८०/०८/१८ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण सामाग्री खरिद कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल:

क्र. सं.	बोलपत्र/ठेक्का/ प्याकेज नं.	आयोजनाको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.क.सहित)
1	SPRM/NCB/LISP/ DOP/GOODS/ 080-081-01	Supply Delivery And Unloading of Construction Material for Nisal Sichai Kulo Nirman Yojana	Cordycap King Construction And Suppliers Pvt.Ltd , Tripurasundari 11, Huma -Dolpa	2189076.11
2	SPRM/NCB/LISP/ DOP/GOODS/ 080-081-02	Supply Delivery And Unloading of Construction material for Dokpochhe Khola tatbandan Yojana	OB Nirman Sewa, TripuraSundari Municipality 02, Ruma-Dolpa	1702870.45

प्रमुख प्रशासकीय अधिकृत

‘डच डिजिज’ र नेपालको अर्थतन्त्र

विदेशी मुद्रा र आयको अधिक आकर्षक स्रोतका रूपमा रहेको वैदेशिक रोजगारी र विप्रेषण नेपाली अर्थतन्त्रको डच डिजिजका कारक हुन्



● डा. कृष्णराज पन्त

अग्रलेख

नेपाल राष्ट्र बैंकले भर्खरै प्रकाशित मुलुकको आर्थिक अवस्थासम्बन्धी प्रतिवेदनअनुसार मुलुकको आयात ३.४ प्रतिशतले घट्दा निर्यात ६.१ प्रतिशतले घटेको छ। चालू आवको पाँच महिनामा विप्रेषण आप्रवाह २७.६ प्रतिशतले बढेको छ भने शोधनान्तर स्थिति ३५९ प्रतिशतले बचतमा छ। कुल विदेशी विनिमय सञ्चिति १४.८ प्रतिशतले बढेको छ। अर्थतन्त्रमा सेवाक्षेत्रले कृषि र औद्योगिक क्षेत्रलाई द्रुत गतिमा विस्थापन गरिरहेको छ। अर्थतन्त्रको बाह्य क्षेत्र मजबुत देखिए पनि आन्तरिक क्षेत्र भने अझै शिथिल देखिन्छ। मौद्रिक नीति र वित्तीय नीतिमा सुधार गरिँदा पनि अर्थतन्त्र अपेक्षाकृत चलायमान हुन सकेको छैन। बैंकमा तरलता छ, तर ब्याजदर घट्दा पनि कर्जा विस्तार हुन सकेको छैन। महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालू आवको ६ महिना नाघिसक्दा राजस्व वार्षिक बजेटरी लक्ष्यको ३५ प्रतिशत मात्र संकलन भएको छ। यस अवधिमा वार्षिक लक्ष्यको तुलनामा चालू खर्च ३८ प्रतिशत र पुँजीगत खर्च १६ प्रतिशत मात्र हुन सकेको छ। अर्थतन्त्रमा विप्रेषणको अंश अत्यधिक बढ्दै जानु, उत्पादक क्षेत्रको हिस्सा घट्दै जानु, सेवाक्षेत्रको प्रभाव बढ्दै जानु, र अर्थतन्त्र सधैँ आयातमुखी हुँदै जानु, वैदेशिक रोजगारीको बढ्दो लहर, रोजगारीमा सेवा क्षेत्रप्रतिको बढ्दो आकर्षण, वैदेशिक ऋण तथा सहायताको उत्पाकदत्वमा कमीजस्ता परिदृश्यले नेपालको अर्थतन्त्र ‘डच डिजिज’बाट गुज्रिरहेको छ कि भन्ने अनुभूति हुन थालेको छ।

के हो ‘डच डिजिज’ ? : ‘डच डिजिज’ शब्दको उत्पत्ति सन् १९६० को दशकमा प्राकृतिक ग्यासको प्रचुरताका कारण नेदरल्यान्डमा सम्पत्ति वृद्धि, तर कृषि र औद्योगिक क्षेत्रको गिरावटबाट उत्पन्न डच आर्थिक संकटबाट भएको हो। यसको प्रयोग सबभन्दा पहिले ‘द इकोनोमिस्ट’ नामक जर्नलले सन् १९७७ मा गरेको थियो। यो मोडलमार्फत १६औँ शताब्दीमा स्पेन र पोर्चुगलमा भएको धनको प्रवाह, सन् १८५० को दशकमा अस्ट्रेलियामा भएको स्वर्णवृद्धिदेखि अहिले रसियामा विद्यमान निर्यातमा तेल र ग्यासको अंश (७० प्रतिशत) हुँदाहुँदै रसियन रुबलमा भएको अवमूल्यनलगायत आर्थिक परिघटनाको चित्रण गर्न सकिन्छ। डच डिजिजलाई ‘रिसोर्स कर्स’ (अर्थात् स्रोत अभिशाप) वा ‘प्याराडक्स अफ प्लेन्टी’ (अर्थात् प्रचुरताको भ्रम) जे भनिए पनि र खासगरी प्राकृतिक स्रोतबाट हुने अप्रत्याशित आम्दानीसँग यसलाई जोडिए तापनि समग्रमा यो परिघटना कुनै पनि मुलुकको अर्थतन्त्रमा विदेशी मुद्रा आप्रवाह र आयमा हुने ठूलो वृद्धिका कारण उत्पन्न हुने नकारात्मक असर हो। यसको सबभन्दा प्रमुख स्रोत प्राकृतिक स्रोतजन्य वस्तुहरूको निर्यात भए पनि खासगरी यसको असर विप्रेषण, अन्य वस्तु तथा सेवाको निर्यात, विदेशी ऋण सहायता वा अनुदान र वैदेशिक लगानीबाट सिर्जित विदेशी मुद्रा तथा आयमा हुने उल्लेख्य आप्रवाहसमेतका कारण प्रकट हुन्छ।

डच डिजिज, यसका असर र निराकरणका उपायका सम्बन्धमा थुप्रै सैद्धान्तिक र प्रयोगात्मक अध्ययन भएका छन्। तिनका अनुसार, डच डिजिजले खासगरी ‘स्पेन्डिङ इफेक्ट’ अर्थात् खर्चमार्फत हुने असर र ‘रिसोर्स मुभमेन्ट इफेक्ट’ अर्थात् स्रोतको बहावमा हुने असरका माध्यमबाट मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ। चरणबद्ध प्रक्रियाका हिसाबले भन्नुपर्दा, सर्वप्रथम अर्थतन्त्रको फस्टाउँदो (बुमिङ) क्षेत्रबाट मुलुकमा ठूलो मात्रामा विदेशी मुद्रा वा आय आप्रवाह हुन्छ। यस्तो आम्दानीले आन्तरिक बजारमा उपभोगमा वृद्धि गर्दै वस्तु तथा सेवाको माग बढाउँछ। जसले अर्थतन्त्रमा विद्यमान विनिमयदरको स्वरूपका आधारमा आन्तरिक मूल्य वा अवास्तविक विनिमयदरमा असर गर्छ। लचिलो विनिमयदर भएको मुलुकमा यसले अवास्तविक विनिमयदरलाई बढाएर स्वदेशी मुद्राको मूल्यवृद्धि गर्छ भने स्थिर विनिमयदर भएको अर्थतन्त्रमा मुद्रा प्रदाय (मनी सप्लाई) र आन्तरिक मूल्य (डोमेस्टिक प्राइस)मा वृद्धि गर्छ। जसले आयातयोग्य वस्तु अर्थात् ‘ननट्रेडेबल गुड्स’को दाँजोमा निकासीयोग्य वस्तु अर्थात् ट्रेडेबल गुड्सलाई महँगो बनाइदिन्छ र त्यस्ता परम्परागत वस्तुको निर्यातलाई कम प्रतिस्पर्धी तुल्याउँछ। आयातीत वस्तुको मागमा वृद्धि हुन गई आयातीत वस्तु व्यापारले घरेलु बजारलाई प्रतिस्थापन गर्छ। जसलाई ‘स्पेन्डिङ इफेक्ट’ भनिन्छ। अर्कातर्फ, आकर्षक नाफाका कारण पुँजी, उत्पादन र श्रम सबै परम्परागत निर्यात क्षेत्र (अर्थात् वस्तु उत्पादन क्षेत्र)बाट प्राकृतिक स्रोतजस्ता फस्टाउँदो निर्यात क्षेत्र र आन्तरिक व्यापार, सार्वजनिक सेवाजस्ता गैरव्यापारयोग्य क्षेत्रतर्फ सर्छन्। कृषि तथा औद्योगिक उत्पादक क्षेत्रबाट सेवाक्षेत्रतर्फ उन्मुख हुन्छन्। जसलाई ‘रिसोर्स मुभमेन्ट इफेक्ट’ भनिन्छ। जसले मुलुकको दीर्घकालीन आर्थिक विकासमा नकारात्मक असर गर्छ।

डच डिजिजको फलस्वरूप हुने विनिमयदरको अधिमूल्यनले दीर्घकालीन आर्थिक वृद्धिलाई हानि गर्छ र मुलुकको समष्टिगत आर्थिक स्थिरतामा समेत असर गर्छ। साथै, निर्यातका माध्यमसमेतबाट अर्थतन्त्रको बृहत्तर कार्यसम्पादन र उत्पादकत्व प्रदर्शित गर्ने निर्यातयोग्य वस्तु उत्पादनको क्षेत्रमा पर्ने असरका कारण मुलुकले अर्थतन्त्रमा ‘लर्निङ बाई डुइङ’ अर्थात् अभ्यासबाट सिक्ने अवसरसमेत गुमाउँछ। डच डिजिजद्वारा आक्रान्त अर्थतन्त्रमा स्वदेशी मुद्राको मूल्यवृद्धि, वास्तविक ज्यालामा वृद्धि, सेवाक्षेत्रको वृद्धि, औद्योगिक उत्पादनमा मन्दीजस्ता लक्षण देखिन्छन्। मध्यपूर्वका प्राकृतिक स्रोत सम्पन्न मुलुकको अनुभवअनुसार डच डिजिजले राजनीतिक शक्ति, सरकारी खर्च र भ्रष्टाचारमा वृद्धिमार्फत सिंगो लोकतन्त्रमै बाधा पुर्‍याउँदै राजनीतिक क्षेत्रमा समेत असर गर्न सक्छ। यसलाई सहायक प्राध्यापक रिकी ल्याम र उपप्राध्यापक लिओनार्ड वाचेकेनले ‘पोलिटिकल डच डिजिज’ मोडलको विकास गरेका छन्।

के नेपाल डच डिजिजबाट ग्रसित छ ? : यस प्रश्नको उत्तर खोज्न डच डिजिजसँग सम्बन्धित उल्लिखित सैद्धान्तिक मान्यतामा आधारित रहेर विश्लेषण गर्नु आवश्यक हुन्छ। नेपालमा विदेशी मुद्रा आप्रवाह र आयको स्रोतमध्ये सबभन्दा ठूलो विप्रेषण आप्रवाह नै हो। त्यसका अलावा विदेशी ऋण तथा अनुदान सहायता, वैदेशिक लगानी, पर्यटन र वस्तु तथा सेवा निर्यात व्यापार नै हुन्। यसमा प्राकृतिक स्रोत निर्यातको भूमिका छैन। नेपाल राष्ट्र बैंकको डाटाबेसअनुसार, बितेका दुई दशकभित्र विप्रेषणको योगदान मुलुकको कुल गार्हस्थ्य उत्पादनमा नाटकीय रूपमा ह्वात्तै बढेको छ (परिमाणमा झन्डै २६ गुणा वृद्धि भएको छ)। आव ०५७/५८ मा १०.७ प्रतिशत रहेकोमा आव ०७१/७२ मा दोब्बरभन्दा धेरै बढेर यो २५ प्रतिशतसम्म पुगेको छ। त्यसअघिका अढाई दशकभित्र भने त्यस्तो योगदान १.२३ प्रतिशतदेखि ३.३४ प्रतिशतसम्ममा मात्र सीमित थियो। विगत पाँच वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक ऋण तथा अनुदान सहायताको अंश घटिमा २.३ प्रतिशतदेखि बढीमा ८.२ प्रतिशतसम्म रहेको पाइन्छ। वस्तु तथा सेवा निर्यातको अंश गतः आधा शताब्दीमा कुल गार्हस्थ्य उत्पादनको औसत ६ प्रतिशत मात्र छ। त्यसैगरी, गत दशकमा कुल विदेशी मुद्रा आर्जनको औसत ६५ प्रतिशत हिस्सा विप्रेषणको मात्र रहेको छ। वैदेशिक सहायता, पर्यटन, वस्तु तथा सेवा निर्यात र अन्य विभिन्न क्षेत्रबाट भने औसत क्रमशः ८ प्रतिशत, ५ प्रतिशत, ६ प्रतिशत र १६ प्रतिशत मात्र विदेशी मुद्रा आर्जन भएको पाइन्छ।

उल्लेखित सबै तथ्य हेर्दा नेपालको अर्थतन्त्र खासगरी विप्रेषणमा निर्भर छ। वैदेशिक रोजगार विभागका अनुसार, आव ०६५/६६ देखि ०७८/७९ सम्ममा करिब ४७ लाख नेपालीले नयाँ श्रम स्वीकृति लिएका छन्। आव ०७९/८० मा मात्र नयाँ तथा नवीकरण गरी सात लाख ७६ हजारले श्रम स्वीकृति लिएका छन्। यसरी, विदेशी मुद्रा र आयको अधिक आकर्षक स्रोतका रूपमा रहेको वैदेशिक रोजगारी र विप्रेषणलाई नेपाली अर्थतन्त्रको डच डिजिजको कारकको रूपमा विवेचना गर्न सकिन्छ। विप्रेषण आप्रवाह तेज हुँदै गएको आव ०५६/५७ देखि आव ०७९/८० सम्मका केही सूचकलाई हेर्दा नेपालमा पनि डच डिजिजका लक्षण देखिँदै आएको मान्न सकिन्छ।

> डच डिजिजद्वारा आक्रान्त अर्थतन्त्रमा स्वदेशी मुद्राको मूल्यवृद्धि, वास्तविक ज्यालामा वृद्धि, सेवाक्षेत्रको वृद्धि, तर औद्योगिक उत्पादनमा भने मन्दीजस्ता लक्षण देखिन्छन्

माथि उल्लेख गरिएझैँ विप्रेषणले पनि वास्तविक विनिमयदर वा मुद्रा प्रदाय र मूल्यवृद्धिसहित समग्र अर्थतन्त्रलाई स्पेन्डिङ इफेक्ट र रिसोर्स मुभमेन्ट इफेक्टमार्फत प्रभाव पार्छ। तर, स्पेन्डिङ इफेक्ट र रिसोर्स मुभमेन्ट इफेक्टमा विप्रेषण मात्र नभई आन्तरिक वा विदेशी उत्पादकत्वमा आएको परिवर्तन, अर्थतन्त्रको रूपान्तरण वा आर्थिक नीतिमा बदलावजस्ता तत्त्वको भूमिका भने नजरअन्दाज गर्न सकिँदैन। नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार, नेपालमा विप्रेषण आर्जन गर्ने घरपरिवारले प्राप्त विप्रेषणको ७० प्रतिशतभन्दा बढी दैनिक उपभोगमा (२४ प्रतिशत दैनिक उपभोग्य सामग्रीमा) र ३.५ प्रतिशत मात्र लगानी र व्यावसायिक क्रियाकलापमा खर्च गर्छन्। भारतसँगको स्थिर विनिमयदर भएको र त्यसैका आधारमा अमेरिकी डलरसँगको विनिमयदर निर्धारण हुने नेपालमा आव ०५७/५८ देखि ०७८/७९ सम्मको अवधिमा विस्तृत मुद्रा प्रदाय (ब्रोड मनी सप्लाई) वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको तुलनामा ५०.७ प्रतिशतबाट ११३.९ प्रतिशत पुगेको छ। थोक मूल्य र उपभोक्ता मूल्यवृद्धि करिब चार गुणाले बढेको छ भने ज्यालादर ६ गुणाले वृद्धि भएको छ। निर्यात व्यापार कुल गार्हस्थ्य उत्पादनको १२.६ प्रतिशतबाट २.९ प्रतिशतमा झरेको छ भने समीक्षा अवधिभर औसतमा ६ प्रतिशत रहेको छ। आयात व्यापार कुल गार्हस्थ्य उत्पादनको २३.२ प्रतिशतबाट वृद्धि भई ३९ प्रतिशत पुगेको छ। समीक्षा अवधिभर यो औसतमा २९.६ प्रतिशतमा रहेको छ। यसरी, विप्रेषणसमेतका कारण खर्चयोग्य आम्दानी उच्च भई उपभोग्य वस्तु तथा सेवाको मागमा वृद्धि हुनु र प्रतिएकाइ उत्पादन लागत बढी हुनुले स्वदेशी वस्तु प्रतिस्पर्धी हुन नसक्दा निर्यात निरुत्साहन र आयातको प्रवर्द्धन हुन पुगेको छ। आयातीत वस्तुले स्वदेशी वस्तु बजारलाई विस्थापन गरेको छ। यी सबै परिदृश्यले मुलुकको अर्थतन्त्रमा स्पेन्डिङ इफेक्टमार्फत डच डिजिजको असर रहेको पुष्टि गर्छन्।



त्यसैगरी, उल्लेखित समीक्षा अवधिमा नेपालको कुल अर्थतन्त्रमा कृषिक्षेत्रको योगदान ३८.७ प्रतिशतबाट २४.६ प्रतिशतमा झरेको छ भने सेवाक्षेत्रको योगदान ३८.९ प्रतिशतबाट बढ्दै ६२.४ प्रतिशतमा पुगेको छ। औद्योगिक क्षेत्रको अंश भने २१.५ प्रतिशतबाट १२.९ प्रतिशतमा झरेको छ। आर्थिक गणना २०७५ अनुसार, मुलुकमा सञ्चालित आर्थिक प्रतिष्ठानमध्ये ८५.४ प्रतिशत सेवाक्षेत्रका गतिविधिमा छन्, जसले कुल रोजगारीको ७९ प्रतिशत रोजगारी सिर्जना गरेका छन्। यी तथ्यले के संकेत गर्छन् भने आयातीत वस्तुको माग उच्च हुँदा व्यापारयोग्य (उत्पादक) क्षेत्रको तुलनामा गैरव्यापारयोग्य सेवाक्षेत्रमा बढी नाफा हुने हुँदा आन्तरिक उत्पादकहरू सेवाक्षेत्रतर्फ स्थानान्तरण हुँदै गएका छन्। उत्पादन तथा रोजगारी पनि त्यसैअनुसार परिवर्तित भएको छ। जसले उत्पादक क्षेत्रमा श्रम र पुँजी दुवैको अभाव गराएको छ। विप्रेषण आप्रवाहका कारण रिसोर्स मुभमेन्ट इफेक्टमार्फत मुलुक डच डिजिजग्रस्त हुँदा मुलुक व्यापारमुखी तथा आयातमुखी अर्थतन्त्रको रूपमा विकसित हुँदै गएको छ। उत्पादक क्षेत्रमा लगानी निरुत्साहित हुँदा रोजगारी र आयको आकर्षक माध्यम वैदेशिक रोजगारी र विप्रेषण नै हुन गएको छ। यसरी मुलुक विप्रेषण प्रेरित डच डिजिजको दुष्चक्रमा फसेको छ। जसले मुलुकको अर्थतन्त्रलाई परनिर्भर बनाउँदै लगेको छ। आकर्षक देखिएको वैदेशिक रोजगारी र सेवाक्षेत्रमा स्थानान्तरण भएका मानवस्रोत लामो अन्तरालपछि स्थितिमा बदलाव आउँदा फेरि उत्पादक क्षेत्रमै फर्कने सम्भावना क्षीण हुँदै जान्छ।

अंग्रेजीमा एउटा कहावत् छ- ‘अ ग्रेट फर्च्युन इन द ह्यान्ड्स अफ फुल इज अ ग्रेट मिस्फर्च्युन’ अर्थात् मूर्खको हातमा रहेको ठूलो भाग्य ठूलो दुर्भाग्य हो। प्राकृतिक स्रोत वा मानवस्रोतको निर्यातबाट प्राप्त ठूलो धनराशीलाई डच डिजिजजस्ता दुर्भाग्यबाट बचाएर मुलुकको भाग्यमा परिणत गर्ने कामको प्रभावकारिता सरकारको बुद्धिमत्ता र उसले लिने नीतिमा भर पर्छ। कोलम्बिया, चिली, ब्राजिललगायत ल्याटिन अमेरिकी मुलुकले खनिज स्रोतबाट प्राप्त आम्दानीलाई कृषिक्षेत्रको उत्पादकत्व वृद्धिका निम्ति प्रयोग गरेका छन् र राम्रो उपलब्धि हासिल गरेका छन्। नेपालका सन्दर्भमा, आर्थिक विकाससम्बन्धी अहिलेको अभ्यासमा आमूल परिवर्तन नभए र अर्थतन्त्रको संरचानात्मक परिवर्तन नगरिए मुलुक न्यून आर्थिक वृद्धि, उच्च वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहमा निर्भरताको अवस्थाबाट गुज्रिनुपर्ने हुन्छ। जुन दीर्घकालीन रूपमा अर्थतन्त्रका निम्ति अस्थिर विकल्प हो। त्यसकारण, डच डिजिजको असर निराकरणका निम्ति समग्रतामा विप्रेषणलगायत सेवाक्षेत्रको आम्दानीको उत्पादनमुखी उपयोग, नवप्रवर्तन, शिक्षा, पूर्वाधारजस्ता विभिन्न सहयोगी क्षेत्रमा लगानी, उत्पादन प्रणालीको आधुनिकीकरण, उत्पादनको विविधीकरण र विशिष्टीकरण, आयात प्रतिस्थापक तथा निर्यात प्रवर्द्धक उत्पादनमा जोड दिनु जरुरी छ। ट्यारिफ र सहुलियतजस्ता व्यापार संरक्षण नीति, विलासी उपभोगमा कटौती र बचत प्रोत्साहन नीतिलगायत प्रभावकारी वित्त तथा मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन र उपयोग गरिएका आर्थिक नीतिको आवधिक समीक्षा जरुरी छ।

(डा. पन्त प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशका पूर्वउपाध्यक्ष हुन्)

---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डेलाई**



■ अयोध्यामा नवनिर्मित राममन्दिरमा आज हुने प्राणप्रतिष्ठाबारे तपाईंको टिप्पणी के छ ?

पाँच सय वर्षको अन्तरालपछि अयोध्यामा राममन्दिरको पुनर्निर्माण भारतीय चेतनाको आध्यात्मिक जरा पल्लवित भएको सूचना हो। हिन्दुधर्मलाई राष्ट्रिय जागरणको मूलधार बनाएर भारत नयाँ राजनीतिक व्यवस्था रचनामा अघि बढेको छ। भारत राममय हुन थालेको अवस्था नेपालका लागि आध्यात्मिक मात्र होइन, राजनीतिक दृष्टिमा पनि अर्थपूर्ण छ। राष्ट्रिय राजनीतिको स्वामित्व सुरक्षित राखेर धार्मिक सामीप्यको प्रासंगिकतालाई सम्हाल्ने जिम्मेवारी नेपालको नेतृत्वमा थपिएको छ।

■ भारत राममय हुन थाल्नुले भावी भारतीय राजनीतिक सिलसिलाको कस्तो संकेत दिन्छ ?

आगामी आमचुनावले नरेन्द्र मोदीलाई तेस्रोपटक प्रधानमन्त्री निर्वाचित गर्ने सम्भावना छ। पछिल्लो चुनावी घोषणापत्र जारी गर्दा उनले हिन्दु राष्ट्रवादलाई आफ्नो प्रेरणा बताएका थिए। पहिलो र दोस्रो कार्यकाल अर्थतन्त्र, सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धमा केन्द्रित गरेका मोदीको तेस्रो कार्यकाल हिन्दु राष्ट्रवादलाई भारतको पहिचान बनाउन केन्द्रित हुनेछ। राष्ट्रियस्तरमा अर्को पार्टी नरहेको र धर्मनिरपेक्षताको पक्ष निकै कमजोर भइसकेको अहिलेको अवस्थामा भारतीय राजनीतिमा हिन्दुत्वको एकाधिकार संस्थागत रूपमै कायम हुन सक्छ। हिन्दु राष्ट्रवादमार्फत इतिहासको संशोधन र भारतीय मानसिकताको पुनर्समायोजनको क्रम सुरु हुनेछ। यसको क्षेत्रीय र अन्तर्राष्ट्रिय आयाम राजनीतिक र कूटनीतिक रूपमै उल्लेख्य हुनेछ।

■ यसमा नेपालको कूटनीतिले सम्बोधन गर्नुपर्ने विषय के हो ?

विश्व शक्ति सन्तुलनमा मोलतोल गर्ने सर्वाधिक हैसियत बनाएको भारतले हिन्दुत्वलाई आफ्नो पहिचान र हिन्दु राष्ट्रवादलाई सामरिक मार्गचित्र बनाउँदा अमेरिका र चीनको ध्यान आकर्षित हुन्छ। हिन्दु राष्ट्रवादले चीनको निधारमा गाँठो परेको जानकारी ग्लोबल टाइम्सले १९ जुलाई २०१७ मै दिएको थियो। भारतको चीनसँग द्वन्द्व तिखारिनु र अमेरिकासँगको निकटता बढ्नु नेपालका लागि थप कूटनीतिक जटिलता हो। रचना हुन थालेको नयाँ विश्व-व्यवस्थाका दुवै नयाँ केन्द्र छिमेकी र रैथाने केन्द्रको प्रवेश भइसकेको नेपाललाई सुरक्षित राख्न अलमस्त कूटनीति छाड्नुपर्छ।

प्रेरक प्रसंग

दीनदुःखीको सेवा

त्यो दिन आइतबार परेको थियो। बिहानबिहानै एक इसाई सज्जन दीनबन्धु एन्ड्र्युजसँग भेट गर्नका लागि उनका निवासमा आइपुगे। उनीहरूबीच विभिन्न विषयमा फैलिएको कुराकानी चल्दै गर्दा बिहानको ९ बज्यो।

दीनबन्धुले घडी हेरे र ती सज्जनसित माफी माग्दै बोले, ‘मलाई माफ गर्नुस् मित्र, अब मैले गिर्जाघर जानुपर्ने समय भयो।’ उनको कुरा सुनेपछि ती सज्जनले खुसी हुँदै भने, ‘गिर्जाघर ? गिर्जाघर त मैले पनि जानु छ। हामी साथै जाँदा राम्रो हुनेछ।’ ‘तपाईंको भनाइ एकदम ठीक हो, तर म तपाईंको गिर्जाघर जान सक्दिनँ,’ दीनबन्धुले भने। ‘अनि तपाईं पूजा कहाँ गर्नुहुन्छ त ?’ सज्जनले आश्चर्य मान्दै सोधे। उनको जिज्ञासा सुनेपछि दीनबन्धु मुस्कुराए र ती सज्जनलाई आफूसँगै आउन अनुरोध गर्दै उनी निवासबाट निस्किए।



उनी ती सज्जनलाई लिएर सहरको सफासुग्घर गल्ली छोड्दै हरिजन बस्तीको एउटा झुपडीमा पुगे। त्यहाँ एकजना वृद्ध पुरुष खाटमा सुतिरहेको एक १०-१२ वर्षको बच्चालाई पंखा हम्किरहेका थिए।

दीनबन्धुले ती वृद्धको हातबाट पंखा लिए र भने, ‘बाबा, म आइपुगेँ, अब तपाईं जानुस्।’ ती वृद्ध गइसकेपछि उनले ती सज्जनलाई भने, ‘यो बालक अनाथ हो र यो क्षयरोगको बिरामी हो। छिमेकका यो वृद्धले यसको रेखदेख गर्ने गरेका छन्। तर, यी वृद्ध १० बजेदेखि २ बजेसम्म काममा जानुपर्ने हुन्छ। यसबीचमा म यसको सेवा गर्छु। चार घन्टापछि ती वृद्ध फेरि फर्केर आउँछन् र म फर्किन्छु। त्यसैले मित्र, यही नै मेरो पूजा हो र यही झुपडी नै मेरो गिर्जाघर हो।’ उनको त्यस्तो भनाइ सुन्दा र कर्म देख्दा ती सज्जन उनीप्रति श्रद्धाले झुके।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सशस्त्र प्रहरीको स्वागतयोग्य काम

सीक्षा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बलले नेपाल-भारत सीमामा रहेका १८ सय सीमास्तम्भ मर्मत गरेको समाचार पढ्दा खुसी लाग्यो। सशस्त्रको यो काम स्वागतयोग्य छ। नेपाल र भारतबीचको सीमाक्षेत्र प्राचीनकालदेखि नै खुला रहेको छ। जसले गर्दा केही सहजता र केही अप्ठ्यारा पनि छन्। दुवैतिर सहज रूपमा आवतजावत गर्न पाउनु यसको सहज पक्ष हो। दुवैतिर पारिवारिक नाता, सम्बन्ध जोडिनु तथा दुवैतिर व्यापार-व्यवसाय गर्न पाउनु पनि सहज पक्ष नै हो। तर, खुला सीमा हुँदा आपराधिक घुसपैठ हुने र सीमा मिचिने खतरा पनि बढी नै हुन्छ।

● **गौरिका कुर्मी**, सातदोबाटो, ललितपुर

सर्वोच्चले ठीक गर्‍यो

वीर अस्पतालका बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न आदेश दिएर सर्वोच्च अदालतले निकै राम्रो काम गरेको छ। यो सरकार, विशेषगरी स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको मुडेबलका भरमा रोकिएको वीर अस्पतालका बिरामीले पाउँदै आएको खाना र अक्सिजनको सुविधा यथावत् राख्न आदेश दिएर सर्वोच्चले सरकारको गलत निर्णय सच्याएको छ।

● **सुकृत केसी** ग्वार्को, ललितपुर

पीडितले ठीक गरे

मिटरब्याजविरुद्धको उजुरी छानबिन गर्न प्रशासनले ढिलासुस्ती गरेपछि न्याय नपाएको भन्दै पीडितहरू आफूबाट खोसिएको घरमा प्रवेश गरेको समाचार पढेपछि केही लेख्न मन लाग्यो। मिटरब्याजीहरूले जबर्जस्ती कब्जा जमाएको आफ्नो घरमा पीडितहरू प्रवेश गरेपछि अब बाँकी पीडितका लागि पनि यो बाटो खुला भएको छ। पीडितले पहल लिनु स्वाभाविक हो।

● **सरोज पुलामी मगर** नैकाप, काठमाडौं

पलायन रोक्न आशा जगाऊ

केही अघि ग्वार्कोमा युवाहरूले विद्रोह गरे। जवाफमा सरकारले गोली चलायो र दुईजनाको अनाहकमा ज्यान गयो। सर्लाहीको बरथहवामा युवा डाक्टरले विद्रोह गरे, उनीहरूलाई पनि गोलीबाटै जवाफ दिइयो। भोलि अन्य आमजनताले पनि परिस्थितिवश विद्रोह गर्लान्। अनि उनीहरूलाई पनि गोलीले नै जवाफ दिने हो सरकार ? यस्तो तालले पनि मुलुक हाँकिएला त ?

विद्रोह र असन्तुष्टिको जवाफ गोली हुन सक्दैन। त्यसको जवाफ काममा सुधार गरेर मात्र हुन्छ। जनतामा आशा जगाएर मात्र हुन्छ। आमनेपाली शान्तिप्रिय छन्। उनीहरू दंगा, फसाद र झडप चाहँदैनन्। अहिले पनि उनीहरूको अवस्था परिवर्तन हुन्छ भन्नेमा आश्वस्त पार्न सके जनता व्यवस्था परिवर्तनको बाटामा लाग्दैनन्। ९५ प्रतिशत जनताले व्यवस्था परिवर्तन खोजेका छैनन्। पुराना दलका शीर्ष नेताहरूले आफ्नो जनभावनाविपरीतका छवि बरकरार राख्दा, सुधारको कुनै संकेत नदेखाउँदा जनता निराश भएका मात्र हुन्।

देउवा, ओली र प्रचण्डहरूले अबदेखि आफूहरू प्रधानमन्त्रीको म्युजिकल चेयरमा नबस्ने, युवालाई नेतृत्व दिने र भ्रष्ट नेताहरूको संरक्षण नगर्ने सार्वजनिक उद्घोष गरून् त, भोलिदेखी नै निराश भएका जनतामा आशाको किरण जाग्छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतको धर्मनिरपेक्षताको सूक्ष्म अवसान

सन् १९९२ मा बाबरी मस्जिद भत्काइएको ठाउँमा आज कार्यकारी अधिकार प्रतीकात्मक रूपमा हिन्दू धर्ममा विलय हुनेछ



देश / विदेश

● अशोका मोदी

आज २२ जनवरीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्याको राममन्दिरमा प्राण-प्रतिष्ठा गर्नेछन्। सन् १९९२ मा बाबरी मस्जिद भत्काइएको ठाउँमा आज कार्यकारी अधिकार प्रतीकात्मक रूपमा हिन्दू धर्ममा विलय हुनेछ। आजको घटनाले भारतीय शासक भगवान् विष्णुको अवतार हो भन्ने किंवदन्ती ब्युँतिनेछ। भारतीय बालबालिकाले मिथकीय भगवान् रामलाई उत्सवका रूपमा लिनेछन्। यो उत्सव अराजक विचारक विनायक दामोदर (वीर) सावरकरको शताब्दियौँ लामो उद्देश्यको पूर्ति हो। सन् १९२३ मा आफ्नो पुस्तिका ‘हिन्दुत्व’मा सावरकरले हिन्दुकेन्द्रित भारतीय राष्ट्रवाद अघि सारेका थिए। हिन्दु धर्मको श्रेष्ठतम समानताको सन्देशलाई विभाजित गर्दै उनले मित्र र शत्रुको अवधारणा अघि सारेका थिए। उनले भारतमा पुर्ख्यौली थलो भएका र पितृभूमि भारतप्रति बफादारी जनाउनेलाई मित्र मानेका थिए भने अन्यलाई शत्रु।

सन् १९२५ मा सावरकरबाट प्रभावित भएर राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) नामक हिन्दुत्वको सैन्य शाखा बनेको थियो। आरएसएसमा युवा भर्ती गरिन्छ, जहाँ तिनलाई लडाकुको तालिम दिइन्छ र भारतको ‘गौरवशाली’ इतिहास पढाइन्छ। आरसएसले भर्ती भएकामाझ सावरकरले भन्ने शत्रु र मित्रको भिन्नताका आधारमा राजनीतिक हिंसा र असहिष्णुताको प्रोत्साहन गराउँछ। सम्भवतः मोदी आरएसएसका सबैभन्दा चर्चित शिष्य होलान्। सुरुमा महात्मा गान्धी नेतृत्वको भारतीय राष्ट्रिय कांग्रेसको धर्मनिरपेक्ष वैचारिकीले हिन्दुत्वको प्रतिरोध गरेको थियो। त्यसवेला कांग्रेसको विचार बेलायती उपनिवेशविरोधी स्वतन्त्रता आन्दोलनसँग जोडिएको थियो। तर, हिन्दुत्व शक्तिले गान्धीले आह्वान गरेको धार्मिक सौहार्दता मुसलमानको तुष्टीकरणका रूपमा लियो। अन्ततः सन् १९४८ मा सावरकरको विचारबाट प्रभावित एक व्यक्तिले गान्धीको हत्या गरे।

स्वतन्त्र भारतका पहिलो प्रधानमन्त्रीले भौतिक एवं सामाजिक उन्नतिको अपेक्षा गर्दै प्रगतिशील धर्मनिरपेक्ष भारतीय आदर्श अघि सारेका थिए। तर, सन् १९६४ मा नेहरूको निधनलगत्तै कांग्रेसभित्र र बाहिरका साम्प्रदायिक शक्ति चलमलाए। भारतको धर्मनिरपेक्ष आदर्शलाई १९ अप्रिल १९७६ मा ठूलो धक्का लाग्यो जब तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीका कान्छा छोराले आमाको संकटकालीन शासनमा तानाशाही शक्ति प्रयोग गर्दै मुसलमानमाथि अत्याचार गरे। त्यस दिन दिल्लीको जामा मस्जिदछेउमा अपमानजनक ढंगले मुसलमानको जबर्जस्ती बन्ध्याकरण गरियो र नजिकैको तुर्कमान गेटबाट मुसलमान सुकुम्बासी धपाउने क्रममा आमहत्या गरियो। यसले कांग्रेसको मुसलमान भोट घटेपछि इन्दिरा गान्धीले हिन्दु भोटतर्फ ध्यान दिइन्। नतिजा उनले कट्टर हिन्दुत्वका लागि ढोका खोलिन्। आरएसएससँग संवाद बढाइन् र सन् १९८० को सुरुवातमा हिन्दु-मुसलमान दंगा भइरहँदा हिन्दु प्रतीकको प्रयोगमा बढोत्तरी गरिन्। जम्मु कस्मिर चुनावमा हिन्दुलाई बढावा दिने काम र शिख लडाकु सन्त भिन्ड्रावालेप्रतिको समर्थनले हिन्दु पहिचानावादी राजनीतिलाई थप प्रोत्साहन मिल्यो। जब गान्धीलाई उनका शिख रक्षकले हत्या गरे त्यसपछि कांग्रेसले रचेको शिखविरोधी हिंसामा कैयौँ बेरोजगार युवा हिन्दु राष्ट्रवादका लडाकु बने। सन् १९८० को दशकमा भएका दुई घटनाक्रमले राजनीतिक हिन्दुवादले भारतलाई एक बनाएको देख्ने सावरकरको सपना पूरा गर्‍यो। सन् १९८३ मा कट्टर हिन्दुत्व शक्तिले ‘भारतको एक आत्माको उत्सव मनाउन एकात्मता यात्रा’ थालेको थियो। सन् १९८७-८८ मा प्रधानमन्त्री राजीव गान्धी (इन्दिरा गान्धीका जेठा छोरा)ले राज्य स्वामित्वको टेलिभिजन दूरदर्शनमा रामायण प्रसारण गर्न निर्देशन दिए जहाँ भगवान् रामलाई हिन्दुत्वका नायकका रूपमा पेस गरियो।



तस्बिर : के नेट्फिल्ड/पिक्चर एलायन्स

राजीव गान्धीले नै विवादित बाबरी मस्जिद हिन्दुका लागि खोलिदिएका थिए। सन् १९४९ मा हिन्दु अतिवादीले मस्जिदमा राम जन्मभूमि रहेको दाबी गरेयता मस्जिद बन्द थियो। त्यसपछि सन् १९९२ मा हिन्दु अतिवादी जत्थाले बाबरी मस्जिद भत्काएपछि रक्तपातयुक्त द्वन्द्व भड्किँदा कांग्रेस नेतृत्वको पिभी नरसिंह राव सरकार बिलखबन्दमा पर्‍यो।

सन् १९७६ को तुर्कमान गेट आमहत्यादेखि सन् १९९२ मा भएको बाबरी मस्जिद विध्वंशको १६ वर्षले भारतको धर्मनिरपेक्षतालाई ओझेलमा पार्दै लग्यो। र, अन्ततः सन् २०१४ मा विशालकाय हिन्दुत्वले विजय हासिल गर्‍यो। अर्थात् हिन्दुत्वको राजनीतिक रूप भाजपाले नरेन्द्र मोदी नेतृत्वमा संसद्मा बहुमत हासिल गर्‍यो।

राज्य संयन्त्रमा हिन्दु प्रतीक र भावना व्यक्त हुँदा अनिष्ट हुने हो कि भन्ने देखिन्छ। मोदीले सावरकरलाई अर्धदेवता नै बनाइदिएका छन्। धर्मशासित राज्यको झल्को दिने गरी नयाँ संसद् भवन उद्घाटन हिन्दु परम्पराअनुसार गरियो। नोभेम्बर २०१९ मा ऐतिहासिक प्रमाणविनै बाबरी मस्जिद भएको ठाउँमा हिन्दुको ‘आस्था र विश्वास’का आधारमा सर्वोच्च अदालतले राममन्दिर बनाउन दिने निर्णय गर्‍यो। हिन्दुत्वको विकासमा अघिल्लो शताब्दीमा केही समय रोक लागेकै हो। तर, बीचबीचमा सत्ताका लागि धर्मनिरपेक्ष भनिएका शक्तिबाट धर्मको दुरुपयोग नभएको भने होइन। यी धर्मनिरपेक्ष शक्तिले मित्र र शत्रुको हिन्दुत्ववादी भाष्यलाई मलजल गरेकै हुन्, जसले अहिले भारतलाई गाँजिरहेको छ। अहिले हिंस्रक हिन्दुत्व जुन हिन्दु धर्मको शान्तिको सन्देशनजिक कुनै कोणबाट पनि छैन, यसले राजनीति र संस्कृतिलाई नराम्ररी गाँजेको छ।

(मोदी भारतीय मूलका अमेरिकी अर्थशास्त्री हुन्) प्रोजेक्ट सिन्डिकेटबाट

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Scan गर्नुहोला

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/१०/०८

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

सि. नं.	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**आसमान लामा** **ना.प्र.नं. : १०७३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा बाबुः लाल बहादुर वल लामा बाजेः कृतन बहादुर वल लामा ठेगानाः निजगढ गा.वि.स.वडा नं.०७, हाल निजगढ न.पा वडा नं.०८, बारा **शाखा कार्यालयः निजगढ** **कर्जा शीर्षक : व्यक्तिगत ईक्विटी कर्जा, सरल अधिविकर्ष कर्जा, सबारी कर्जा तथा ओडी कार्ड कर्जा।**	**सपना बस्नेत** **ना. प्र. नं.: १३५१९** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं पति : आसमान लामा ससुरा : लाल बहादुर वल लामा ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं उ.म.न.पा. वडा नं.०५, हाल निजगढ न.पा वडा नं.०८, बारा **बिना लामा** **ना. प्र. नं.: ३३३०७३/३८९** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा पति : लालध्वज लामा ससुरा : लाल बहादुर वल लामा ठेगाना : अमलेखगंग गा.वि.स./उ.म.न.पा. वडा नं.०८, हाल निजगढ न.पा वडा नं.०८, बारा **बसुन घिसिङ** **ना. प्र. नं.: ३३६६/६४०३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा पति : लाल बहादुर वल ससुरा : कृतन बहादुर वल लामा ठेगाना : निजगढ नगर/गाउँ पञ्चायत वडा नं.०७, हाल निजगढ न.पा वडा नं.०८, बारा	१) वसुन घिसिङको नाममा मालपोत कार्यालय सिमारा, बारामा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा) ठेगाना: निजगढ-७; नक्सा सिट: ७घ; कित्ता नं.: २९८; क्षेत्रफल (बि.रो/व.मी): ०-१-१२-० (५४१.७९) साथै, सम्पूर्ण लिगलगापात समेत। २) कामना सेवा विकास बैंकको नाममा आसमान लामा ऋणी कायम भई यातायात व्यवस्था कार्यालय, वीरगंजमा दर्ता रहेको तपसिलमा उल्लिखित विवरण अनुसारको सम्पत्ति (सवारी साधन) ठेगाना: मोडल: 21676638000RBP72-LPK2518HD/38/BS3/G1150; बनेको साल: २०१८; दर्ता नं.: प्र२-०३००१ख-४२४३; ईन्जिन नं.: 02M63849519; च्यासिस नं.: MAT448137L3R14685; कम्पनी: TATA
२.	**सेवक कन्स्ट्रक्सन प्रा.लि.** ठेगानाः बर्दिबास न.पा वडा नं.०७, महोत्तरी। दर्ता नंः २५६३६६/०७७/०७८ दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं। **स्थायी लेखा नं.: ६०९९४११००** **अख्तियार प्राप्त व्यक्ति/एकल शेयर धनीः राम सेवक यादव** **ना.प्र.नं.: १८३०७३/३६३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी। बाबुः नारायण यादव राउत बाजेः सुर्वे यादव राउत ठेगानाः बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **शाखा कार्यालय : बर्दिबास** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा (अधिविकर्ष) र बैंक जमानी पत्र**	**राम एकवाल यादव** **ना.प्र.नं.: १८-०५-७३-००९३०** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। बाबुः नारायण यादव राउत बाजेः सुर्वे यादव राउत ठेगानाः बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **राम भजन यादव** **ना.प्र.नं.: १८-०५-७३-००९३१** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। बाबुः नारायण यादव राउत बाजेः सुर्वे यादव राउत ठेगानाः बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **नारायण यादव राउत** **ना.प्र.नं.: १३८८/७७१७१०१२-सिरहा** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। बाबुः सुर्वे यादव राउत बाजेः नथुनी यादव ठेगानाः बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **अनुर देवी** **ना.प्र.नं.: १८३०७३/४५५** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। पतिः नारायण यादव राउत ससुराः सुर्वे यादव राउत ठेगानाः किसाननगर वडा नं.०६, हाल बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **रिंकु कुमारी यादव** **ना.प्र.नं.: १८-०५-७६-०००४०** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। पतिः राम सेवक यादव ससुराः नारायण यादव राउत ठेगानाः बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी। **घुरन महतो** **ना.प्र.नं.: ७०७३०६८७** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी। बाबुः रामदेब महतो बाजेः अनुप महतो ठेगाना : पशुपतिनगर गा.वि.स वडा नं.०९, महोत्तरी, हाल बर्दिवास न.पा वडा नं. ०७, महोत्तरी।	१) नारायण यादव राउतको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गाहरु ठेगाना: किसाननगर-६; नक्सा सिट: ६क; कित्ता नं.: २४१; क्षेत्रफल (बि/रो): ०-१६-०-० (५४१८.२३) ठेगाना: किसाननगर-६; नक्सा सिट: ६ख; कित्ता नं.: २७९; क्षेत्रफल (बि/रो): ०-१०-०-० (३३८६.४०) साथै, सम्पूर्ण लिगलगापात समेत।
३.	**श्री गणपती ज्वेलर्स** **प्रा.फ.र.नं. : ५७७३/०७४/७५** ठेगाना : कलैया-०१,बारा दर्ता गर्ने कार्यालय : उद्योग विकास शाखा,कलैया (बारा) **स्थायी लेखा नं.: ६०७०९८४१५** **प्रोप्राईटर/धनजमानीकर्ता : मनी कुमारी साह** **ना.प्र.नं. : ४६२२** जारी गर्ने कार्यालय : गृह मन्त्रालय पति : सन्तोष कुमार साह ससुरा : मदन प्रसाद सोनार ठेगाना : कलैया-०४, हाल कलैया-०१, बारा। **शाखा कार्यालय : वीरगंज** **कर्जा शीर्षक : (सरल व्यापार अधिविकर्ष र माग कर्जा व्यवसायको नाममा) र ओडि कार्ड कर्जा (व्यवसायीको व्यक्तिगत नाममा)**	**सोनु कुमार स्वर्णकार** **ना.प्र.नं. :३३१०५५/२५५७७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा बाबु : मदन प्रसाद सोनार बाजे : सत्य नारायण सा सोनार ठेगाना : कलैया-०४, हाल कलैया-०६, बारा। **मदन प्रसाद सोनार** **ना.प्र.नं. : ८२४/१४२२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा बाबु : सत्य नारायण सा सोनार बाजे : राजेन्द्र साह सोनार ठेगाना : भवानीपुर खे-०५, हाल कलैया-०१, बारा। **मालती कुमारी सोनारीन** **ना.प्र.नं. : २४०६** जारी गर्ने कार्यालय : गृह मन्त्रालय पति : मदन प्रसाद सोनार ससुरा : सत्य नारायण सा सोनार ठेगाना : कलैया -०४, हाल कलैया-०१, बारा।	१) सन्तोष कुमार साहको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: भवानीपुर-४, बारा; नक्सा सिट: ४; कित्ता नं.: ३४६; क्षेत्रफल (बि/व.मी): ०-०-१०-० १६९.३० साथै, सम्पूर्ण लिगलगापात समेत। २) सोनु कुमार स्वर्णकारको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: भोडहा-५, बारा; नक्सा सिट: ५क; कित्ता नं.: २२६८; क्षेत्रफल (बि/व.मी): ०-४-१०-० १५२३.८२ साथै, सम्पूर्ण लिगलगापात समेत।
४.	**श्री गणेश मोबाइल** **प्रा.फ.र.नं. : १५६८/०६७-६८** ठेगाना : कलैया-०६,बारा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारा **स्थायी लेखा नं.: ३०३७९६७१८** **प्रोप्राईटर/धनजमानीकता : सन्तोष कुमार साह** **ना.प्र.नं. : २९९३/३०१७/२२४६८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा बाबु : मदन प्रसाद सोनार बाजे : सत्य नारायण सा सोनार ठेगाना : कलैया-०४, हाल कलैया-०६, बारा। शाखा कार्यालय : वीरगंज **कर्जा शीर्षक : सरल व्यापार कर्जा अधिविकर्ष** **नोट : (दुवै कर्जाका धितो तथा जमानीकर्ता एउटै रहेको)**		

५.	**सिद्धार्थ पशु फार्म** **प्रा.फ.नं.घ.उ.सि.: ९६५१/०७५/७६** ठेगाना : गोलबजार न.पा -०६, सिरहा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान (सिरहा) स्थायी लेखा नं.: ६१०७२३५४४ **प्रोप्राईटर/धितो/धनजमानीकर्ता/ऋणी : इन्दीरा कुमारी विश्वकर्मा** **ना.प्र.नं. ५९७९६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, उदयपुर पति : भरत विश्वकर्मा ससुरा : जगतलाल कामी ठेगाना : उदयपुर जिल्ला पंचावती -०२, हाल सिरहा जिल्ला गोलबजार न.पा -०६ **शाखा कार्यालय : महुली** **कर्जा शीर्षक : साना व्यापार कर्जा अधिविकर्ष** **साथै सो फर्मको प्रोप्राइटर इन्दीरा कुमारी विश्वकर्माको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत**	**भरत विश्वकर्मा** **ना.प्र.नं. १४१४१११९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : जगतलाल कामी बाजे : जितमान कामी ठेगाना : सिराहा जिल्ला लालपुर -०१, हाल गोलबजार न.पा -०६ **विभा कुमारी** **ना.प्र.नं. १५-०१-७६/०८११२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा पति : नारद विश्वकर्मा ससुरा : जगतलाल कामी ठेगाना : सिराहा जिल्ला गोलबजार -०२, हाल गोलबजार न.पा -०६ **सरिता वि.क.** **ना.प्र.नं. १५१०४४/३५१५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा पति : श्याम सुन्दर शास्त्री ससुरा : जगत लाल ठेगाना : सिराहा जिल्ला लालपुर -०१, हाल गोलबजार न.पा -०६ **श्याम सुन्दर शास्त्री** **ना.प्र.नं. १५३०४४-४७९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : जगत लाल बाजे : जितमान कामी ठेगाना : सिराहा जिल्ला लालपुर गा.वि.स -०१, हाल गोलबजार न.पा -०६ **इन्द्र माया** **ना.प्र.नं. ०४९५२३३२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी पति : नारायण कामी ससुरा : जगतलाल कामी ठेगाना : महोत्तरी जिल्ला रामनगर गा.वि.स -०२, हाल सिरहा जिल्ला गोलबजार न.पा -०६ **पोकची कमीनी** **ना.प्र.नं. १९९५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा पति : जगतलाल कामी ससुरा : जितमान कामी ठेगाना : सिराहा जिल्ला लालपुर -०१, हाल गोलबजार न.पा -०६ **जगतलाल कामी** **ना.प्र.नं. १८७५१४३०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : जितमान कामी बाजे : श्रीमान विश्वकर्मा ठेगाना : सिराहा जिल्ला लालपुर -०१, हाल गोलबजार न.पा -०६ **नारद विश्वकर्मा** **ना.प्र.नं. १५-०१-७३-०४३५०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : जगतलाल कामी बाजे : जितमान कामी ठेगाना : सिराहा जिल्ला गोलबजार न.पा -०२, हाल गोलबजार न.पा -०६	१) इन्दीरा कुमारी विश्वकर्माको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: असनपुर-०७; नक्सा सिट: ७/ख; कित्ता नं.: २०८; क्षेत्रफल (बि/व.मी): ०-६-१२-० २२३५.०२ साथै, सम्पूर्ण लिगलगापात समेत।
६.	**माँ राजदेवी सः मिल** **प्रा.फ.नं. : ४९५७/१०४** ठेगाना :औरही न.पा.-०१, महोत्तरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी स्थायी लेखा नं. : ६०८५७८५२३ **प्रोप्राईटर/धनजमानीकर्ता : रंजित कुमार साह** **ना.प्र.नं. : १८२०४/२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : केवल साह बाजे : रामबुक्ष साह ठेगाना : औरही गा.वि.स-०२, हाल, औरही न.पा.-०१, महोत्तरी। **शाखा : बर्दिबास** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा अधिविकर्ष र माग कर्जा**	**रितु कुमारी साह** **ना.प्र.नं. : १८३०५०/८८४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी पति : रंजित कुमार साह ससुरा : केवल साह ठेगाना : सोनामा गा.वि.स-०८, हाल, औरही न.पा.-०१, महोत्तरी। **केबल साह** **ना.प्र.नं. : ०३३६-१४८६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : रामबुक्ष साह बाजे : धरखान साह ठेगाना : औरही नगर/गाउँ पञ्चायत-०१, हाल, औरही न.पा.-०१, महोत्तरी। **नगिना कुमारी देवी** **ना.प्र.नं. : १८०३३६-१६६६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी पतिः केवल साह ससुरा : धरखान साह ठेगाना : औरही गा.वि.स-०१, हाल, औरही न.पा.-०१, महोत्तरी। **संजित साह** **ना.प्र.नं. : १८२०६४/१०४६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : केवल साह बाजे : रामबुक्ष साह ठेगाना : औरही गा.वि.स-०२, हाल, औरही न.पा.-०१, महोत्तरी। **रंजु कुमारी साह** **ना.प्र.नं. : १८२०६४/१०६६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी पतिः संजित साह ससुरा : केवल साह ठेगाना : औरही न.पा.-०१, महोत्तरी।	१) केबल साहको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: औरही-६; नक्सा सिट: ६; कित्ता नं.: २२; क्षेत्रफल (बि/व.मी): ०-५-५-० १७७७.८६ साथै, सम्पूर्ण लिगलगापात समेत। २) नगिना कुमारी (नगिना कुमारी देवी)को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: औरही-३; नक्सा सिट: ३क; कित्ता नं.: ८०६; क्षेत्रफल (बि/व.मी): ०-३-११.५-० (१२१०.६४) ठेगाना: औरही-३; नक्सा सिट: ३क; कित्ता नं.: ७७६; क्षेत्रफल (बि/व.मी): ०-४-६-० (१४५६.१५) ठेगाना: औरही-९; नक्सा सिट: ९क; कित्ता नं.: २८४; क्षेत्रफल (बि/व.मी): ०-२-४.५-० (७५३.४७) साथै, सम्पूर्ण लिगलगापात समेत।
७.	**सोनामाई सं. मिल** **दर्ता नं. : २८३४/१९/०६७/०६८** ठेगाना : औरहि-०३, महोत्तरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी स्थायी लेखा नं. : ३०४५३११२७ **प्रोप्राइटर/जमानतकर्ता : मंगल महतो सुडी** **ना.प्र.नं. : १८०३३५२८४४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : चन्द्रदेब महतो सुडि बाजे : भागवत महतो सुडि ठेगाना : औरहि गा.वि.स-०३, हाल, औरहि न.पा-०१, महोत्तरी। **शाखा : बर्दिवास** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा तथा माग कर्जा फर्मको नाममा र सरल अधिविकर्ष कर्जा प्रोप्राइटरको व्यक्तिगत नाममा**	**भिखनी देवि** **ना.प्र.नं. : ०३३६०७८३** जारी गर्ने कार्यालय :जिल्ला प्रशासन कार्यालय, महोत्तरी पति : चन्द्रदेब महतो सुडि ससुरा : भागवत महतो सुडि ठेगाना :औरहि गा.वि.स-०३, हाल, औरहि न.पा-०१, महोत्तरी। **सीकिलिया देवी महतो** **ना.प्र.नं. : १८-१-०६४/१८७२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी पति : मंगल महतो सुडि ससुरा : चन्द्रदेब महतो सुडि ठेगाना : औरहि गा.वि.स-०३, हाल, औरहि न.पा-०१, महोत्तरी। **अनिल कुमार साह** **ना.प्र.नं. : १८२०६४/९०७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : मंगल महतो सुडि बाजे : चन्द्रदेब महतो सुडि ठेगाना : औरहि गा.वि.स-०३, हाल, औरहि न.पा-०१, महोत्तरी।	१) मंगल महतो सुडीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा ठेगाना: औरही-३; नक्सा सिट: ३क; कित्ता नं.: १६०३; क्षेत्रफल (बि/व.मी): ०-४-९-० १५०६.९५ साथै, सम्पूर्ण लिगलगापात समेत।
८.	**अनिल कुमार साह** **ना.प्र.नं. : १८२०६४/९०७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबु : मंगल महतो सुडि बाजे : चन्द्रदेब महतो सुडि ठेगाना : औरहि गा.वि.स-०३, हाल, औरहि न.पा-०१, महोत्तरी। **शाखा : बर्दिवास** **कर्जा शीर्षक : सरल अधिविकर्ष कर्जा**		

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) वा कुनै एक सम्पत्ति समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पुनः सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।


पूनश्च : उल्लिखित ऋणी/प्रोप्राईटर/(अख्तियार प्राप्त व्यक्ति)/व्यवसायी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावीकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/१०/२२ गते र बोलपत्र खोलिने मितिः २०८०/१०/२३
समयः दिनको : ४:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ८ माघ ०८०

वाणिज्य बैंकहरूको नाफा ९.९४ प्रतिशतले खुम्चियो

चार वाणिज्य बैंकले मात्रै नाफा बढाए, कर्जाको माग नहुँदा बैंकहरूको नाफा प्रभावित, नौ बैंकको निष्क्रिय कर्जाको अनुपात ४ प्रतिशतभन्दा माथि



पहिलो त्रैमासभन्दा सुधार छ

● **सुनील केसी**, अध्यक्ष, नेपाल बैंकर्स संघ



चालू आर्थिक वर्षको पहिलो त्रैमासिकभन्दा दोस्रो त्रैमासिकको वित्तीय विवरणमा केही सुधार देखिन्छ। पहिलो त्रैमासको भन्दा १५ अर्ब २९ करोडले खुद नाफामा वृद्धि भएको छ। पछिल्लो समय बिजनेस बढ्न नसकेको अवस्थामा बैंकको नाफा पनि बढ्न नसक्नु स्वाभाविक छ। कर्जाको वृद्धिदर हुन सकेको छैन।

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो ६ महिनामा वाणिज्य बैंकहरूको खुद नाफा खस्किएको छ। २० वटै वाणिज्य बैंकहरूले सार्वजनिक गरेको दोस्रो त्रैमाससम्मको वित्तीय विवरणअनुसार बैंकहरूको खुद नाफा २८ अर्ब ७६ करोड कायम भएको छ। गत वर्ष यही अवधिमा २२ बैंकहरूको कुल खुद नाफा ३३ अर्ब ७५ करोड थियो। जुन नाफाको तथ्यलाई आधार लिने हो भने खुद नाफा १५ प्रतिशतले घटेको देखिन्छ। यद्यपि, अहिले वाणिज्य बैंकहरू एक-आपसमा गाभिएर २० मा सीमित भएका छन्। हाल कायम वाणिज्य बैंकहरूको नाफालाई समायोजन गरी बैंकहरूले तयार पारेको तथ्यांकअनुसार गत आवको पहिलो ६ महिनाको तुलनामा ९.९४ प्रतिशतले खुद नाफा घटेको हो। गत आवको पुससम्ममा २० वाणिज्य बैंकहरूको खुद नाफा ३१ अर्ब ९४ करोड हुन आउँछ।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले पछिल्लो समय कर्जाको माग बढ्न नसक्दा नाफा संकुचित भएकाले समग्र बैंकहरूको सूचकमा प्रभाव परेको बताए। उनले भने, 'पछिल्लो समय बिजनेस बढ्न नसकेको अवस्थामा बैंकको नाफा पनि बढ्न नसक्नु स्वाभाविक छ। कर्जाको वृद्धि हुन सकेको छैन। ८० प्रतिशतको कर्जा निक्षेपको सीमाभित्र बसेका छौं। यस्तो समयमा पनि हामी बैंकले नाफा कमाउन सकिरहेका छौं। नाफामा संकुचन आउँदा प्रतिसेयर आम्दानीमा गिरावट आइरहेकै छ।'

नेपाल राष्ट्र बैंकका अनुसार २ माघसम्म बैंकहरूमा निक्षेप संकलन ५४ खर्ब १८ अर्ब र कर्जा प्रवाह ४४ खर्ब ८४ अर्ब पुगेको छ। कर्जा निक्षेपको अनुपात ८०.३९ प्रतिशत कायम छ। स्थानीय तहको सञ्चित कोषको मौज्दात रकममध्ये ६० प्रतिशत बैंकहरूले निक्षेपका रूपमा गणना गर्न पाउने व्यवस्था छ। बैंकहरूले कर्जा विस्तार गर्न नसकिरहेको समयमा सरकारले यस्तो रकम बैंकहरूलाई कर्जा लगानीका रूपमा प्रयोग गर्न छुट दिइरहेकै छ। समग्रमा बैंकहरूको नाफा संकुचित देखिए पनि चार बैंकहरूको नाफा वृद्धि भएको छ। कृषि विकास बैंक, एभरेष्ट बैंक, हिमालयन बैंक र प्राइम कमर्सियल बैंकको खुद नाफामा वृद्धि भएको छ। गत आवको पुससम्ममा नोक्सानी व्यहोरेको कृषि विकास बैंकले सुधार गरेर चालू आवमा एक अर्ब ३५ करोडको खुद नाफा आर्जन गरेको छ।

कुल कर्जामा निष्क्रिय कर्जाको अनुपातमा समेत सुधार आएपछि यो बैंकको नाफामा सुधार भएको देखिन्छ। पोहोर ४.५२ प्रतिशत कायम यस्तो अनुपात घटेर ३.०२ प्रतिशत पुगेको छ। त्यस्तै, एभरेष्ट बैंकको खुद नाफा बढेर एक अर्ब ७१ करोड पुगेको छ। तर, यो बैंकको निष्क्रिय कर्जाको अनुपातमा भने वृद्धि भएको छ। पोहोर ०.५५ प्रतिशत कायम रहेको यस्तो अनुपात बढेर ०.७७ प्रतिशत पुगेको छ। हिमालयन बैंकको खुद नाफा बढेर एक अर्ब ५० करोड पुगेको छ। यो बैंकको पनि निष्क्रिय कर्जाको अनुपात बढेर ४.९५ प्रतिशत पुगेको छ। प्राइम बैंकको खुद नाफा एक अर्ब ६५ करोडबाट बढेर दुई अर्ब १८ करोड पुगेको छ। यद्यपि, निष्क्रिय कर्जाको अनुपात दोब्बरले बढेर ४.०७ प्रतिशत कायम छ।

तर, सबैभन्दा बढी नबिल बैंकले तीन अर्ब २० करोड कमाएको छ। दोस्रोमा प्राइम कमर्सियल, तेस्रोमा ग्लोबल आइएमई र चौथोमा राष्ट्रिय वाणिज्य बैंक छन्। सबैभन्दा कम नाफा गर्नेमा नेपाल बैंकको ५९ करोड मात्रै छ।

■ निष्क्रिय कर्जाको अनुपात बढ्यो

कुल कर्जामा निष्क्रिय कर्जाको औसत अनुपात पोहोर पुससम्म २.२९ प्रतिशत कायम रहेकोमा चालू आवमा बढेर ३.३९ प्रतिशत पुगेको छ। आर्थिक गतिविधि शिथिल बनेर व्यावसायिक गतिविधि बढ्न नसक्दा बैंकहरूको कर्जा असुलीसमेत प्रभावित छ। जसले यस्तो अनुपात बढ्दै गइरहेको छ। निष्क्रिय कर्जाको अनुपात बढ्दा बैंकहरूको नाफामा समेत असर परेको हो।

२० मध्ये नौ बैंकहरूको निष्क्रिय कर्जाको अनुपात ४ प्रतिशतभन्दा माथि छ। कुमारी, हिमालयन र प्रभु बैंकको निष्क्रिय कर्जा अनुपात झन्डै ५ प्रतिशतकै आसपास छ। नेपाल इन्भेष्टमेन्ट मेगा, ग्लोबल आइएमई, लक्ष्मी सनराइज, नेपाल बैंक, सिटिजन्स इन्टरनेसनल र प्राइम बैंकको यस्तो अनुपात ४ प्रतिशतमाथि छ।

आयात ३ प्रतिशत र निर्यात ७.२३ प्रतिशतले घट्यो

नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो ६ महिनाको वैदेशिक व्यापारले मन्दीको प्रभाव कायमै रहेको देखाएको छ। सो अवधिमा कुल वैदेशिक व्यापार (आयात-निर्यात) ३.४७ प्रतिशतले घटेर आठ खर्ब ४३ अर्ब १३ करोड रुपैयाँमा सीमित भएको छ। गत वर्षको सोही अवधिमा यस्तो व्यापार आठ खर्ब ७३ अर्ब ४७ करोड रहेको थियो।

